THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



भिक्षाटनपछि भोजन खानुभए पश्चात्को बेला उपतिस्सले
भिक्षु अस्सजित समक्ष प्रश्न गर्नुहुँदै ।

वर्ष-३८; अङ्क-९ बु.सं. २५६४, योमरि पुन्हि

आवरण चित्र परिचयको बाँकी अंश ... ...

उहाँले सिकाउनु भएको धर्म अति गम्भिर छ, त्यसैले यस विषयमा उहाँसंग सिक्नु राम्रो हुनेछ ।" उपतिस्सले भगवान बुद्धले सिकाउनु भएको र उहाँको वाद विषयमा संक्षिप्तमा भएपनि बताइदिन आग्रह गरेको कारणले अरहन्त अस्सजिले संक्षिप्त रूपमा यसरी बताउनु भयो –

"यस संसारमा जति पनि उत्पत्ति र विनासको चक्र चलिरहेका छन्, त्यसको कारण छ, यही कारण विषयमा भगवान् बुद्धले बताउने गर्नुहुन्छ । यही उहाँको वाद हो यही उहाँको शिक्षा हो ।"

उपतिस्स विद्वान एवं पण्डित थिए । भिक्षु अस्सजितले यति मात्र बताउनु भएपनि उपतिस्सले यसको अर्थ बुझिहाले । जुन उत्पन्न हुन्छ, त्यो विना कारण उत्पन्न हुँदैन । तथागतले यसको कारण बताउनुहुन्छ । केवल कारण मात्र बताउने गर्नुहुन्न उहाँले, यसको निरोधको विषयमा पनि बताउने गर्नुहुन्छ । उपतिस्स यसैको खोजीमा लागिरहेका थिए । भगवान् बुद्धले यस भवसंसारमा उत्पन्न भइरहेका दुःखको उत्पति र यसको निरोध गर्ने उपाय विषयमा सिकाउने गर्नुहुन्छ । उपतिस्सलाई यही ज्ञानको खाँचो थियो । उपतिस्स यस संक्षिप्त विवरणबाट धन्य भयो ।

अरहन्त अस्सजितको धर्मवाणी सुनेर उसको मनमा प्रीति सुखले भरियो । उनी आफ्नो अनेक जन्ममा कमाइएको पुण्य पारमिताका धनी थिए । उनको मनभित्र तत्क्षणमा नै अनित्यबोधिनी विपश्यना जाग्न थाल्यो । उनको विरज - विमल धर्मचक्षु खुल्न थाल्यो । जसवाट उनले यसरी अनुभव गर्न थाल्यो–

यं किञ्चि समुदय धम्मं सब्वं तं निरोध धम्मन्ति ।

(- महाव. सारिपुत्त मोग्गलान पब्बज्जाकथा)

यसरी दुःख निरोधको अनुभव गर्दै सारिपुत्र स्रोतापन्न भए । अरहन्त भिक्षु अस्सजिलाई नमस्कार गरी उनी आफ्ना मित्र कोलित समक्ष तत्क्षणमा नै पुगे ।

कोलित पनि भगवान् बुद्धको यस शिक्षालाई संक्षिप्त रूप मै भएपनि सुनेर धन्य भए । उनी पनि पूर्वसंचित अमित पारमिताहरूका धनी थिए । उपतिस्सको वाणी सुन्दै उसको पनि धर्म चक्षु खुल्न थाल्यो । उसले पनि ज्ञान रूपी अमृत पान गरी स्रोतापन्न भए ।

ती दुबैले भगवान् बुद्धको शरणमा जानको लागि वेणूवन विहार तर्फ जाने निर्णय गरे । तर जानुभन्दा पहिला आफ्ना २५० जना साथीहरूलाई पनि सूचना दिन उचित सम्झे उनीहरू आचार्य संजयका शिष्य थिए । यो सूचना सुनी उनीहरू पनि ती दुबै (उपतिस्स र कोलित) संग जान तयार भए । दुबै साथीहरूले उनीहरूका पूर्व आचार्य संजयलाई पनि उनीहरूको निर्णय बारे सूचना दिन पाए । गुरु संजयले पनि भगवान बुद्धको शिक्षा अपनाउन तयार होला कि भन्ने सोची यस विषयमा सूचना दिए । तर आचार्य संजय भने आफ्नो आश्रम छोड्न सहमत हुन सकेन । तर उनका सबै शिष्यहरूले उसलाई त्यागेर गएको देखी अत्यन्त दुःखी भए । उपतिस्स र कोलित आफ्ना २५० जना साथीहरू सहित भगवान बुद्धको शरणमा पुगे । भगवान बुद्धले उनीहरूलाई विपश्यना साधनाको तालिम दिनुभयो । दुबै जना साथीहरू (उपतिस्स र कोलित) ज्ञानले परिपक्व भइसकेका थिए । त्यसैले ती दुबै भगवान् बुद्धका प्रमुख शिष्य बन्नलायक भइसकेका थिए । दुबै जना **"सीले पतिट्ठाय"** अर्थात् शीलमा प्रतिष्ठित थिए नै । अब **चित्तं पञ्ञंञ्च भावयं** अर्थात् चित्तलाई समाधिस्थ गर्दै प्रज्ञालाई बारबार अनुभव गर्दै ज्ञान बढाउनु थियो । यस परिश्रमपूर्ण कार्यमा पारंगत हुनका लागि कोलित (मौद्‌गलायन) लाई एक हप्ता, उपतिस्स (सारिपुत्त) लार्य दुई हप्ता लाग्यो । यस अवधिमा दुबै जनाले स्थित चित्त र स्थितप्रज्ञा भई क्षीणास्रव अरहन्त अवस्था प्राप्त गर्न सफल भई कृतकृत्य भए । ■

बुद्ध वचन

✍ **भन्ते प्रज्ञालोक**

न्हयागु अवस्थाय् न. मन न्हापालाक वनी
ज्याय् वा खँय् नं मन हे मुख्य जुयाच्वनी
संस्कार धर्म नं मनं हे दयकूम्ह जुयाच्वनी
मनं हे सकतां निर्माण याःगु जुयाच्वनी
यदि प्रदुष्टगु मनं ज्या वा खँ ल्हाःसा
उकीया विपाक दुःख जुयाच्वनी
गाडा साःम्ह दोहँया ल्यूल्यू घःचाः तुला वइथें
वईगु दुःख ल्यूल्यू नाप नाप हे वया च्वनी
यदि भिंगु शुद्धगु मनं ज्या वा खँ ल्हाःसा
उम्ह व्यक्तिया ल्यूल्यू सुख हे वयाच्वनी
भी न्हयाथाय् वंसां किचःल्यूल्यू वइथें
भिंगु कर्मया फल नं सुख जुयाः लिसें वयाच्वनी
उकें भीत सुख शान्ति माःगु खःसा
सम्यक वचंन व्यवहार याय् सय्के
भिंगु मतिं जीवन हना यंके सय्के
थ्व हे खः भगवान बुद्धया बचन धकाः थुइके
मिथ्या मार्ग त्वःताः सम्यक ज्ञान दय्के
भगवान बुद्धया ज्ञान कयाः दुःख मदयके

प्रकाशक र विशेष सल्लाहकार

भिक्षुणी धम्मवती

फोनः ५३५९४६६

सम्पादक

भिक्षुणी वीर्यवती

फोनः ५३५९४६६

सम्पादन सहयोगी

भिक्षुणी शुभवती

व्यवस्थापकहरू

चिनीकाजी महर्जन

फोनः ९८४१२५२६६२

ज्ञानेन्द्र महर्जन

फोन: ४२७५३७७, ९८४१३६६५१४

ध्रुवरत्न स्थापित

फोनः ९८४१२६३३५५

सह-व्यवस्थापक

इन्द्रमान महर्जन

फोनः ९८४१४३४५७२

कार्यालय

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोनः ५३५९४६६

बुद्ध सम्बत् २५६४

नेपाल सम्बत् ११४०

इस्वी सम्बत् २०२०

बिक्रम सम्बत् २०७७

विशेष सदस्य	रु.	२०००/- वा सो भन्दा बढी
वार्षिक	रु.	१००/-
यस अङ्कको	रु.	१०/-

धर्मकीर्ति

(बौद्ध मासिक)

THE DHARMAKIRTI

A Buddhist Monthly

30th DECEMBER 2020

वर्ष- ३८	अङ्क- ९	योमरी पुन्हि	पौष २०७७



जुन व्यक्ति ध्यानी छ, जसको चित्तमल नाश भईसकेको छ, एकान्तवासी त्यस व्यक्ति जसले गर्नुपर्ने सम्पूर्ण कार्यहरू समयमा नै सम्पन्न गरिसकेको छ, आश्रव क्षय भइसकेका, त्यस व्यक्तिलाई मात्र मैले ब्राह्मण भन्दछु ।

शरीर, वचन र मनद्वारा पाप कर्म नगर्ने व्यक्ति, जसले यी तीन द्वारलाई संयम पूर्वक नियन्त्रणमा लिइसकेको हुन्छ, त्यस व्यक्तिलाई मात्र मैले ब्राह्मण भन्दछु ।

जटाधारी हुँदैमा, गोत्र मात्रले, जाति मात्रले ब्राह्मण जनाउँदैमा त्यस व्यक्तिलाई ब्राह्मण भन्न सकिंदैन । जुन व्यक्तिमा सत्य र धर्म समावेश हुन्छ, त्यही व्यक्ति पवित्र र ब्राह्मण हो ।

ब्राह्मणीको कोखबाट जन्म हुँदैमा उसलाई ब्राह्मण भन्न सकिन्न, त्यस व्यक्तिलाई केवल "भो" भनेर मात्र आह्वान गर्न सकिन्छ । (जुन व्यक्तिको चित्तमा राग, द्वेष र मोह बाँकी रहेको हुन्छ ।) तर जुन व्यक्तिको चित्तमा राग, द्वेष र मोह नाश भइसकेको हुन्छ, केही चीज प्राप्त गर्ने इच्छा हुँदैन, त्यस व्यक्तिलाई मात्र मैले ब्राह्मण भन्दछु ।

विषय-सूचि

क्र.सं.	शिर्षक		पृष्ठ
१)	बुद्ध वचन	–	१
२)	आवरण चित्र परिचय - सारिपुत्र र मौद्गल्यायन	– कल्याण मित्र स.ना.गो.	२
३)	सम्पादकीय - पुण्य र पापलाई चिनौं	–	३
४)	लुमनावल यो बाः छिगु वचन	– प्रेमलक्ष्मी तुलाधर	४
५)	मारका दश सेनाहरू	– सयाजी ऊ बा खिन	५
६)	कर्मफल	– भिक्षुणी धम्मवती	९
७)	गोपा	– अनुवादिका भिक्षुणी वीर्यवती	१०
८)	देवधम्म जातक	– प्रकाश बज्राचार्य	१२
९)	लोभयात वसय् तये फयेके	– सुनिता मानन्धर	१४
१०)	सहनशीलता शान्तिको बाटो	– भिक्षु अश्वघोष महास्थविर	१६
११)	धर्मकीर्ति विहार - गतिविधि	–	१८
१२)	बुद्ध वचन	– भन्ते प्रज्ञालोक (कभर अगाडिको भित्र)	

आवरण चित्र परिचय

सारिपुत्र र मौद्गल्यायन

– कल्याण मित्र सत्यनारायण गोयन्का

अनुवाद- **वीर्यवती**

उपतिस्स र कोलित दुबैजना बाल्यकाल देखि मित्र थिए। पछि गएर दुबैजना क्रमशः सारिपुत्र र मौद्गल्यायनको नामले प्रसिद्ध भए। युवावस्थामा पुगेपछि यी दुबैको मनमा वैराग्य भाव उत्पन्न भएको थियो। त्यसैले दुबै प्रव्रजित भए। दुबै सत्यको खोजीमा लागे। जन्म र मृत्युको भव चक्र चलि रहेकै हुन्छ। यसबाट कसरी मुक्ति प्राप्त गर्ने हो। यस विषयको खोजीमा लागेका थिए उनीहरू।
यी दुबैजना मित्रहरू नालंदा निवासी थिए। प्रव्रजित भएपछि मुक्ति मार्गको खोजीमा लाग्दै उनीहरू राजधानी राजगिरीमा आए। त्यहाँ उनीहरू संजय नाम गरेका आचार्यबाट शिक्षा सिक्न थाले। तर यसबाट उनीहरू सन्तोष भएनन्।

एकदिन उपतिस्स राजगिरी नगरमा जाँदा एक भिक्षु भिक्षाटनको लागि गइरहनु भएको देख्यो। उपतिस्स उक्त भिक्षुलाई देखेर आश्चर्य चकित हुन पुग्यो। भिक्षुको अनुहारमा रहेको कान्ति एवं शान्ति एकदम आकर्षक थियो। उहाँको चाल-ढाल एकदम संयमित थियो। त्यसैले उपतिस्सले अनुमान गऱ्यो– "यस व्यक्तिले अवश्य पनि अमृत अवस्था प्राप्त गरिसकेको हुनुपर्छ।" उसको यो अनुमान ठीक (सही) थियो। उहाँ भिक्षु अस्सजित हुनुहुन्थ्यो जुन भिक्षु पञ्चवर्गिय भिक्षुहरू मध्ये एक हुनुहुन्थ्यो। उहाँले धर्मचक्र प्रवर्तन पश्चात् (अनत्तलक्खन सूत्र देशना पश्चात्) अरहन्त अवस्था प्राप्त गर्नुभएको थियो। उपतिस्सलाई उक्त असाधारण व्यक्तिसंग कुराकानी गर्ने इच्छा हुन थाल्यो। उसले सोच्न थाल्यो– "उहाँले भोजन ग्रहण गर्नु भएपछि मात्र कुरा गर्न उचित होला" त्यसैले उपतिस्स अस्सजित भन्तेको पछि लाग्यो। एकान्त स्थानमा भन्तेले भोजन ग्रहण गर्नुभयो। तत्पश्चात उपतिस्सले भन्तेसंग उहाँको गुरू (शास्ता) को हुनुहुन्छ र भन्तेले आफ्ना गुरूसंग के कस्तो शिक्षा सिक्नु भयो भनि प्रश्न सोध्यो।

उनको प्रश्नलाई उत्तर दिनुहुँदै भिक्षु अस्सजितले भन्नुभयो– "मेरो गुरू शाक्यमुनि गौतम सम्यक सम्बुद्ध हुनुहुन्छ, उहाँ हाल राजगिरको वेणुवनमा रहनु भएको छ।

(क्रमशः २४ पेजमा)

▪ सम्पादकीय ▪

पुण्य र पापलाई चिनौं

आफ्नो र अरुको हित सुखलाई विचार पुऱ्याई सेवाभावले काम गर्नु, कुरा गर्नु र योजना बनाउन सक्नु नै पुण्य हो । तर आफ्नो स्वार्थ परिपूर्ति गर्नको लागि अरुलाई दुःख दिएर बाधा अड्चन पुऱ्याउने काम गर्नु, कुरा गर्नु र योजना बनाउनु पाप हो ।

पुण्य कार्य गर्नको लागि योजना बनाउने अवस्था देखि नै मन पवित्र बनिरहन्छ । पवित्र मनले हाम्रो नशामा बगिरहेका रगतलाई नै पवित्र पारिदिन्छ । यसरी नै पापकार्य गर्नका लागि योजना बनाउँदै रहेको अवस्था देखि नै दुषित चित्त उत्पन्न हुने भएकोले नशामा बगिरहेका रगत नै दुषित भइदिन्छ । किनभने हाम्रो शरीरलाई मनले नियन्त्रणमा लिइराखेको हुन्छ । हरेक क्षेत्रमा मननै मुख्य भइदिन्छ ।

त्यसैले भगवान् बुद्धले धम्मपदमा भन्नुभएको छ –

मनो पुब्बङ्गमा धम्मा मनोसेट्ठा मनोमया
मनसा च पदुट्ठेन भासति वा करोति वा
ततो नं दुक्खमन्वेति चक्कं व वहतो पदं
मनसा च पसन्नेत भासति वा करोति वा
ततो नं सुखमन्वेति छाया व अनपायिनी

हरेक क्षेत्रमा मन मुख्य भइरहेको हुन्छ । त्यसैले दुषित मनले युक्त भएर कुरा गरेको र काम गरेको नजिता गाडाको पछाडि गऱ्हौं पांग्रा आए जस्तै दशाको रुपमा दुःखले भरिएका घटनाहरूले सम्बन्धित ब्यक्तिलाई पछ्याइरहेको हुन्छ । त्यसरी नै पवित्र मनले युक्त भएर कुरा गरेको र काम गरेको नतिजा हलुका छाँया हाम्रो पछाडि आइरहे जस्तै भाग्यरुपी घटनाहरू मन नै आनन्द हुने गरी सम्वन्धित ब्यक्तिलाई पछ्याउँदै आइरहेको हुन्छ ।

माथि उल्लेखित बुद्ध वचनलाई हामीले त्यति बुझ्न सकिराखेको देखिँदैन । त्यसैले होला हाम्रो मन धेरैजसो लोभ चेतनाको वसमा गई छलकपट गरेरै भए पनि, हत्या, हिंसा गरेरै भए पनि, धन सम्पत्ति मान, पद र प्रतिष्ठा र घर, खेत आदि आफ्नो हातमा पार्न खोज्छौं । यदि यी लोभी इच्छा पूरा भइएन भने क्रोध चित्त उत्पन्न हुने गर्छ । यस क्रोध चित्तको कारणले अरूलाई दुःख दिंदै अपराधपूर्ण कार्य गर्न पछि पर्दैनौं । यी सबै दूषित चित्तको प्रभाव हो । यी दूषित चित्तको कारणले संसारमा चोरी, डकैती, हत्या हिंसा र बलात्कार आदि जस्ता आपराधिक विकृतीपूर्ण कुकर्महरू भइरहेका देखिन्छन् । यस्ता दूषित चित्तले उत्पन्न गरिने दूषित रगत हाम्रो शरीरको लागि कति हानीकारक छ भन्ने विषयलाई हामीले थाहा पाउन सकिराखेका छैनौं ।

यस्तो अवस्थामा हाम्रो मन त जसरी भएपनि आफ्नो इच्छा पूरा गर्दै भौतिक सम्पत्ति हात पार्ने मौका छोप्नमा नै तल्लिन भइरहेका हुन्छन्, जुन सम्पत्ति मरेर जाने अवस्थामा सबै फालेर जान बाध्य हुन्छ । शरीर त फालेर जानुपर्छ भने त्यो भौतिक सम्पत्ति कसरी साथै लान सक्छौं र ?

प्रकृतिको नियमानुसार आफूलाई उक्त नियमको दायरामा राखी धर्मानुकूल मेहनत गरेर कमाइएको सम्पत्ति एक रुपैयाँ नै भएपनि त्यसको महत्व धेरै हुन्छ । तर अधर्मपूर्वक कमाइएको सम्पत्ति दायाँ हातले लिएको बाँया हातबाट बगिरहेको हुन्छ । भनिएको छ, अधर्मपूर्वक कमाईएको सम्पत्ति आफ्नै सन्तान कुलतमा लागेर उनीहरूले सिद्धाईदिन्छन् । आफूलाई र परिवारका कुनै एक सदस्यलाई रोग लागेर उक्त रोगको औषधिमूलो गर्दागर्दै सिद्धिने गर्छ, चोरी भएर सिद्धिन्छ, प्राकृतिक प्रकोपमा परेर सिद्धिन्छ आदी । यसरी उक्त दूषित सम्पत्तिको कारण मानसिक शान्ति प्राप्त गर्न असम्भव नै हुन्छ । तर रगत पसीनाको कमाईलाई सितिमिति चोरले समेत चोर्न सक्दैन ।

यस प्राकृतिक नियमलाई हामी सबैले समयमा नै बुझ्न सकौं । बाँचुञ्जेल आफ्नो मनमा उत्पन्न भइराख्ने लोभ चेतना र उक्त चेतनाले उत्पन्न गराउने लोभी चेतना पूरा नहुने अवस्थामा आउने क्रोधलाई हटाउन सकौं । म र मेरो, तँ र तेरो भन्ने मतभेदलाई हटाउन सकौं । जब हाम्रो मनले म कति दिन नै बाँच्न पाउँला र ? भन्ने यथार्थतालाई बुझ्न सक्नेछ, तब मात्र मान, पदवी र धन सम्पत्तिको लोभ पनि क्रमशः सिथिल भएर जानेछ । धर्मानुकूल प्राप्त भएको मान, पदवी र धनलाई मात्र महत्व दिन सक्नेछौं । यस्तो चित्तलाई सृजना गर्न सकेपछि मात्र हाम्रो शरीरको नशाहरूमा पवित्र रगत बग्नेछ । अनिमात्र त्यहाँ पुण्यले स्थान लिनेछ । बाँचुञ्जेल हामीले पनि यसरी नै फूल जस्तै हलुका भएको मन लिएर बाँच्न पाऔं । बोझिलो र दुःखपीडाले भरिएको मन र बदला लिने भावना लिंदै रहेको नर्क तुल्य अशान्तपूर्ण जीवनलाई त्याग्न सकौं । धर्मकीर्तिको यही कामना रहेको छ ।

लुमनावल यो बाः छिगु वचन

✍ **प्रेमलक्ष्मी तुलाधर**, न्यत

लुमनावल यो बाः छिगु वचन
"स्वचित्त स्वमन या पुता छिमिसं
स्याकेमते नुगले सुयातं
बीगु स्व ल्हाःफः वः पिन्त

पूजा यानाः जक ज्वीमखु धर्म
यचुगु नुगलं याय्गु सेवा हे धर्म
बुद्ध उपदेश ब्यवहारय् छय्लाः काय्गु स्व
कतःया दुःखयात नं थः भापाः

इनाबीगु स्व सुख लय्तायाः
संघर्ष हे खः थ्व जीवन धकाः
सत्य हे भिंगु कर्म खः
असत्य हे तरवारया धार खः

थ्व हे खः सम्पत्ति जिगु छिमित
थुकीयात कयाः न्हयाःवनेगु स्व"

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया शनिवारिय कक्षा अनलाइन पाखें न्ह्यात

विश्वय् ल्यना च्वंगु कोविड-१९ महामारी ल्वय्‌या कारणं मानव जीवनया मेमेगु ज्याखँ थें तुं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया शनिवाः पतिकं न्ह्याना च्वंगु कक्षा चैत्र महिनां निसें न्ह्याय् मफुगु खः । लुमंके वहःजू धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पीच्यादं, पीगुदँ या इतिहासय् थथे खुला, न्ह्य्‌ला तक कक्षा दिना च्वंगु धयागु न्हापां खुसि खः । कोविड १९ ल्वय्‌या ग्याःचिकु काचाक्क न्हना वनी थें मच्वंगुलि गोष्ठीं अनलाइन कक्षा न्ह्याकेगु योजना याःगु खः ।

२०७७ कार्तिक १५ शनिवार निसें Good Meet मार्फत सुथसिया ८:४५ निसें १०:०० बजे तक कक्षा न्ह्याना च्वंगु दु । आःतक श्रद्धेय समीत भन्ते, श्रद्धेय इन्दावती गुरुमां, मदनरत्न मानन्धर, डा. रीना तुलाधर, डा. त्रिरत्न मानन्धर, उर्मिला ताम्राकार पिनिगु प्रवचन पाखें कक्षा सञ्चालन जुया च्वंगु दु । थुकथं आः कक्षा न्हापा थें तुं प्रवचक पिनिगु न्हापायागु हे विषय संयुक्त निकाय, विशुद्धि मार्ग, अभिधर्म, मज्झिम निकाय, अंगुत्तर निकाय विषयस निरन्तर रुपं न्ह्याइ ।

अनलाइन कक्षाय् प्राविधिक रुपं गोष्ठीया सचिव लोचनतारा तुलाधर नापं मचाकाजी महर्जन, अरुणसिद्धि तुलाधर पिनिगु टीमं ज्या याना च्वंगु खः । कक्षा नेपाः दुने जक मखु नेपाः पिनेया पिसं नं थ्व बुद्ध शिक्षाया कक्षा कया च्वंगु दु । थुकिया हे लिच्व कथं वंगु २०७७ पौष ४ गते, शनिवार अमेरीकाया शिकागोय् च्वनादीम्ह डा. जुनूकमल तुलाधरं गोष्ठी कक्षा जूम (Zoom) अनलाइन मार्फत अनलिमिटेड कथं दच्छियात प्रायोजन याना दीगु दु । गोष्ठीं वय्‌कःयात आपालं साधुवाद देछाःगु जुल । आवंलि गोष्ठी कक्षा जूम (Zoom) मार्फत न्ह्याइ । रिकर्डिङ यायेगु व फेसबुकय् लाइभ जुइगु नं ब्यवस्था दु । बुद्ध शिक्षाया रसपान याकेगु गोष्ठीया थुगु कक्षाय् धर्म प्रेमी न्ह्याम्हं ब्वति काये फइ । ❀

मारका दश सेनाहरू

✍ **सयाजी ऊ बा खिन**

(सयाजी ऊ बा खिनले म्यन्मामा सञ्चालन गर्नुभएको शिविरमा साधकहरूलाई दिनुभएको प्रवचन हो । बर्मी भाषामा दिनुभएको प्रवचनलाई पहिलो पल्ट अंग्रेजी भाषामा "विपस्सना जर्नल" मा प्रकाशित गरिएको थियो । त्यसैको हिन्दी अनुवादबाट यो साभार गरिएको छ ।)

साधकहरू, तपाईंहरू सावधान हुनुपर्छ, अटल हुनुपर्छ, धेरै कठिनाईहरू सामना गर्नु बाँकि छ ता कि ' अनित्य' लाई आफ्नो अनुभवले बुझ्न सकुन् । यसको लागि धेरै मिहिनत गर्नुपर्ने हुन्छ त्यसैले यस कुरालाई म पटक पटक दोहोऱ्याउँदैछु । शिविरको दौरान यी कठिनाईहरू आउने गर्दछन् । मेरा गुरु सया तै जीको समयमा ध्यान गर्ने साधक-साधिकाहरूमा अनेक प्रकारका कठिनाईहरू आउने गर्दथे । कसैलाई के ध्यान गर्ने, के अनुभव गर्ने भन्ने कुरा नै थाहा हुँदैनथ्यो । जस्तो उनीहरूलाई टाउकोमा आफ्नो ध्यान केन्द्रित गर्नु भन्यो भने उनीहरू त्यहाँ के भइरहेछ थाहा पाउँदैनथे । त्यस्तै आनापानाको समयमा पनि कसै-कसैले नाक मुनि के सम्वेदना भईरहेछ थाहा पाउँदैनथे । स्वास लिंदा पनि आएको-गएको नै चाल पाउँदैनथे । कोही भन्थे शरीरमा केही अनुभव नै हुँदैन । तपाईंहरूलाई पनि यस्तो समस्या आउन सक्छ, कहिले काहीं सम्वेदना नै थाहा नपाउने र ध्यान केन्द्रित गर्न गाह्रो हुने अवस्था पनि आउन सक्छ ।

कसैले शरीरको अनुभव नहुँदा निर्वाण साक्षात्कार भएको ठान्छन् । यस स्थितिले भ्रम पैदा गर्छ, धोखा दिन्छ । यस्तो स्थितिमा आँखा खोलेर हेर्ने, तब खालीपन भाग्छ । यस्तो अवस्थाले, भ्रम, डर पैदा गर्दछ । हामी भित्र निहित मनका विकारहरू यसरी नै माथि आउँछ र त्यस समय अनित्यताको बोध भएमा विकार भाग्न थाल्छ । तर कहिले काहीं यस्तो जिद्दी हुन्छ कि यी जान चाहँदैन । यसको बदलामा अनित्यलाई भगाईदिन्छ । अनित्यको स्वभाव निर्वाणोन्मुख छ र यो अत्यन्त शक्तिशाली छ, त्यसैले मार यसको विरूद्ध युद्ध गर्दछ । पधान सुत्तमा मारका दश प्रकारका सेनाहरूको वर्णन गरिएका छन् । यसले ध्यान गर्न बाधा दिईरहेका हुन्छन्, ध्यान गर्न नै दिईंदैनन् ।

१) मारको पहिलो सेना- इन्द्रियजन्य सुख भोग्ने इच्छा ।

कोही साधक ध्यान गर्न आउँछन् तर उनीहरूलाई निर्वाण-प्राप्ति गर्ने कुनै इच्छा हुँदैन । उनीहरू आफ्नो स्वार्थ सिद्ध गर्न आएका हुन्छन्, जस्तो कि "म गुरुजीको घनिष्ठ सम्पर्कमा पुग्नेछु, उहाँले उच्च ओहोदाका मानिसहरू चिनेका छन्, अनि मेरो प्रमोशन हुनेछ ।" यदि यस्तो लोभले ध्यान गर्न आएका छन् भने, उसले साधनाबाट कहिल्यै सफलता पाउने छैन । लोभ त गर्नै हुँदैन । जब विपश्यना सिकाउनको लागि गुरुसंग प्रार्थना गरिन्छ तब निर्वाण साक्षात्कार गर्नको लागि मलाई विपश्यना विधि सिकाउनु होस् भनेर प्रार्थना गरिन्छ । निर्वाण साक्षात्कारको लाई चार-आर्यसत्य बुझ्नु पर्ने हुन्छ तर तपाईंलाई यसबारेमा सुन्ने कुनै इच्छा नै छैन भने अथवा बुझ्न धेरै समय लाग्छ भने म के नै गर्न सक्छु र ?

(२) मारको दोस्रो सेना - शान्त तथा एकान्त बन-विहारमा बस्ने इच्छा नहुनु ।

हिजो कोही साधक शिविर छोडेर जाने तरखरमा थिए । सबेरै उठेर आफ्ना सामानहरू बाँधे । सबैजनाको सामूहिक साधना पछि जब गुरुजी चेकिंग गरिरहनु हुन्छ, तब शिविर छोडेर जाने विचार गरिरहेका थिए । लुसुक्क शिविर छोडेर जाने बसमा चढेर घर जाउँला र सामान लिन पछि आउँला भन्ने सोचेका रहेछन् । तर सौभाग्यवश, मैले अनायाश एक घण्टा अधिष्ठानमा बस्ने निर्देशन दिएँ तब त्यतिञ्जेल रहनु नै पर्ने भयो । विचरा साधक फस्यो, यत्तिकैमा अधिष्ठान बसेपछि त मार नै छोडेर भागे, अब उस्ले जानै परेन ।

भित्रको अशान्त र तुफानको कारण एकान्तमा, शान्त स्थानमा जब कसैलाई रहने इच्छा हुँदैन तब ऊ भाग्न चाहन्छ । कोही हामीलाई भनेर जान्छन् कोही सूचना नै नदिईकन भागेर जान्छन् ।

(३) मारको तेस्रो सेना - भोक ।

एकजना साधक शिविरमा भोक लाग्ला भनेर घरबाट खानेकुरा बोकेर आएको थियो । उसले साँझ नखाईकन बस्नै नसक्ने भन्न आए । मैले भने, ठीक छ ! तिमी खानु । दुई तीन दिन हेर्नु कि के हुन्छ ? म जबजस्ती गर्ने पक्षमा थिइन । फलस्वरूप एकदिन पछि नै उसलाई साँझ खान जरूरी लागेन ।

त्यस्तै अर्को साधकले मलाई भेटेर भने कि साँझ खाना खाएन भने बिरामी हुन्छु। त्यसैले साँझ खाने अनुमति मागे र मैले अनुमति दिएँ कि यदि तिमीलाई आवश्यक छ भने खानु। दुई-तीन दिन ध्यान गरेपछि आफैलाई थाहा भयो कि खानाको आवश्यकता भएन। यदि ध्यानमा प्रगति भएको छ भने भोक लाग्ने छैन। भोक तब लाग्छ जब ध्यान ठीक प्रकारले हुँदैन। भित्रका कुनै विकार यस्ता हुन्छन् जस्को कारण भोक लाग्छ। तब भोकलाई रोक्नु नै सक्दैन। त्यसैले साधक जब ध्यानमा लाग्न थाल्छ तब उसलाई भोक नै हुँदैन।

(४) मारको चौथो सेना - विभिन्न प्रकारको भोजन गर्ने इच्छा हुनु।

यहाँ हामीले साधकलाई अनुकूल हुने भोजन नै पस्किरहेका हुन्छौं। भोजन पकाउनेहरू पनि खूब मिहेनत गरेर कुशल चित्तले पकाउँछन् ता कि यहाँका सबैले मीठो मानेर खाना खाउन्। जब हामी स्वादिष्ट र मसला दार भोजन खान्छौं तब के हुन्छ ? यसरी विभिन्न प्रकारका स्वादिष्ट भोजन खाँदा हाम्रो इच्छा झन बढ्छ, अझ स्वादिष्ट भोजन खाउँ जस्तो इच्छा हुन्छ। खानाको स्वाद नचाखिकन भोजन गर्नु त सम्भव छैन। यस्तो अवस्था त अरहन्त भएपछि आउँछ। यहाँ शिविरमा आउनुको मुख्य उद्देश्य त क्लेशबाट छुट्कारा पाउनको लागि होइन र ? तृष्णाबाट छुट्कारा पाउनको लागि होइन र ? यदि तपाईंले आँखा बन्द गर्नु भयो भने केही पनि देख्नुहुन्न तब तपाईंको मनमा कुनै दृश्य वस्तु हेर्ने इच्छा जाग्दैन। त्यस्तै यो कुरा कानले सुन्ने काममा पनि लागू हुन्छ। यहाँ साधकहरूसंग टेप रिकर्डर, रेडियो आदि केही छैन, यहाँ कुनै गीत सुन्न पाईंदैन। त्यस्तै नाकले वास्ना दार सुँघ्ने कुरामा पनि लागू हुन्छ। यहाँ कसैले आफ्नो शरीरमा सेन्ट छर्केका हुँदैनन् त्यसैले सुगन्धको प्रति पनि लोभ अथवा तृष्णा जाग्न पाउँदैन। यहाँ त्यस्तो केही छैन जस्को कारण यहाँहरूको मनमा सुखद सम्वेदना बनाउँछ। तर जिब्रो त छ, भोजन गर्दा जिब्रो ले स्वाद त चाख्ने नै भयो। खाना खाएन भने मात्र जिब्रोले स्वाद थाहापाउँदैन। अब खाना पनि बन्द गर्नु त भएन, फेरि डाक्टर ल्याएर ग्लुकोजको इनजेक्सन दिनु पर्ने हुन्छ। अब स्वाद त खाना जिब्रोमा पर्ने वित्तिक्कै थाहापाउने भयो। त्यसैले स्वादिष्ट भोजन कम गर्न थाल्यो भने यस प्रतिको लोभ अथवा तृष्णा कम हुन थाल्छ।

किनकि तपाईं यहाँ तृष्णाबाट छुट्कारा पाउनको लागि आउनु भएको हो, त्यसैले यहाँ हाम्रो कर्तब्य पनि तपाईंहरूको काममा सहयोग गर्नु हो, क्लेश निकाल्न सजिलो वातावरण निर्माण गर्नु हो, जस्को कारण कि तपाईंलाई क्लेश निकाल्न सहयोग होस्। तपाईं तृष्णा उखेलेर फ्याँक्न चाहनु हुन्छ, त्यसलाई हटाउन चाहनु हुन्छ भने हामी धेरै भन्दा धेरै स्वादिष्ट भोजन खाएर तृष्णा बढाउने कि तृष्णालाई नै हटाउने ? त्यसैले यहाँ शिविरमा साँझको भोजन दिईंदैन, यसको कारण तृष्णा कम गर्न तपाईंहरूलाई सहयोग हुनेछ। यस्तो ब्यवस्थाले तपाईं र हामी दुबैलाई फाईदा नै हुन्छ। अब साँझको भोजनले निन्द्रा पनि धेरै आउँछ, साँझ खाइएन भने तपाईं आरामले ध्यान गर्न सक्नु हुन्छ। यदि तपाईं विहानको जलपान र एघार बजेको भोजन राम्ररी खानुभयो भने तपाईंको शरीरको आवश्यकता पूरा हुन्छ।

(५) मारको पाँचौ सेना – अल्छीपन, निन्द्रा (थीनमिद्ध)

यसलाई यसरी बुझ्न सकिन्छ, बुद्धको प्रमुख शिष्य अग्रश्रावक महामोग्गल्लान पनि यसको शिकार थियो। कोही कोही बस्दा-बस्दै निदाउँछन्। जब म दश दिवसीय शिविरमा बस्न जान्थें, त्यसबेला एकजना बूढो साथी पनि म संगै जाने गर्थ्यो। सया तै जीको ध्यान केन्द्रमा जाँदा जब ध्यान हलमा ध्यान गर्न बसिन्थ्यो, उहाँ सँधै मेरो पछाडि बस्नुहुन्थ्यो, बसेको केही छिनमा नै घुर्न थाल्थ्यो, ठू-ठूलो आवाज निकालेर घुर्थ्यो। यसरी बसी बसी घुर्ने मान्छे कम नै हुन्छ तर केही बेर घुरे पछि फेरि ब्यूँझन्थे। यसैलाई थीनमिद्ध भनिन्छ। यसलाई हटाउन गाह्रो हुन्छ। जब स्मृति र संप्रजन्य तीखो हुन्छ तब सूक्ष्म हुन्छ तब निर्वाणको शान्त स्वरूप अनुभव हुन सक्छ। अथवा जब कुशल र अकुशल बिच द्वन्द्व चल्छ तब यसको प्रतिक्रिया स्वरूप शरीरमा न्यानो पन बढ्न थाल्छ अनि साधक निदाउन थाल्छ।

यदि तपाईंहरूलाई निन्द्रा लाग्न थाल्यो भने ठू-ठूलो स्वास लिनु। यसो गर्दा यस्तो संस्कार भित्रबाटै उखेलिन्छ र समाधि भंग हुन्छ। फेरि मनलाई नाकको मुनि केन्द्रित गर्ने र शान्त हुने प्रयास गर्ने। जब जब 'अनिच्च विज्जा' बलवान हुन थाल्छ तब मन र शरीरको सम्बन्धको

अनुभव शरीरमा हुन थाल्छ, यसबाट अझ प्रज्ञा तीष्ण हुन जान्छ तब डबेका विकारहरू उप्केर माथिल्लो सतहमा आउन थाल्छ । यसलाई प्रज्ञा पूर्वक हेर्न सकेन भने होस् हराउँछ र भ्रम पैदा हुन्छ । यस्तो तीष्ण प्रज्ञाले यस्तो गहिरो प्रहार गर्छ कि साधक ढलमलिएर प्रज्ञा गुमाउँछ । यस्तो अवस्थालाई साधकले बुझ्न सक्दैन र हतार-हतार आचार्यलाई भेट्न पुग्छन् ।

यदि यस्तो अवस्था आयो भने यस्को सामना गर्ने दुई तरिका छन्– पहिलो त आफूलाई अझ बढी समाधिमा स्थापित गर्ने, दोस्रो आफूलाई अझ ताजा बनाउने, यस्को लागि उठेर बाहिर जाने । यसबाट जुन वेग हो, जुन तन्द्रा हो त्यो घट्छ । अब यस्तो अवस्थामा गएर सुत्ने होइन । पहिला पनि भनेको छु, जब संस्कार उप्केर माथि आउँछ तब 'अनिच्च-अनिच्च' मात्र भन्नेर हुँदैन, यसलाई दृढतापूर्वक अनित्यको भावना गर्नुपर्छ । 'अनित्य' लाई देखावटी रूपले भनेर हुँदैन, सम्वेदनाको अनित्य स्वभावलाई स्वयंले अनुभव गर्नुपर्छ । यदि तपाईंले यस्तो गर्नु भयो भने तपाईंको जीत सुनिश्चित छ ।

(६) मारको छैठौं सेना - एक्लै बस्न नसक्ने र एकान्तमा डराउने ।

कोही-कोही कोठामा एक्लै सुत्न पनि डराउँछन्, साधकहरू कोठा बदलिरहन्छन् ता कि उनीहरूले अरू कोही संगै बस्ने साथी भेट्टाउन् । एक्लै कोठामा बस्न डराउँछन् । एक पटक एकजना बर्मी महिला साधना गर्न आएकी थिइन् । ध्यान गर्दा कोठामा बत्ती बालिराख्नको लागि अनुमति माग्न आईन् । मैले अनुमति दिएँ । यति मात्र होइन, ध्यान गर्दा शून्यागारमा उनी संगै कोही बसोस् भन्ने माग पनि राखिन् । उनी एक्लै बस्नै सक्दिन थिई । जब एक्लै बस्थिन्, उनको सारा शरीर डरले रातो हुन्थ्यो । शिविर सक्किएपछि उनले केही बुझे, राम्रो पनि लाग्यो । दोस्रो पटक शिविर आउँदा शून्यागारमा पनि एक्लै ध्यान गर्न सक्ने भई । उनी प्रत्येक महिना दश दिन ध्यान गर्न आउँछिन् यसबाट उनलाई धेरै लाभ भयो । डराउने, भयभीत हुनेमा उनी अग्र थिइन् तर ध्यानको अभ्यासले ती भागेर गए, यस्तो हुनु राम्रो होइन र ?

(७) मारको सातौं सेना - विचिकित्सा, संदेह, शंका

साधकहरूलाई चिन्ता हुन थाल्छ कि यो ध्यान-भावना सफल हुन्छ कि हुँदैन, मलाई लाग्छ प्रायः सबै साधक-साधिकाहरूमा यो चिन्ता हुन्छ । मूख्य कुरा त यही कि अकुशललाई जरैसम्म हटाउने प्रयास गर्नुपर्छ । यही मूख्य कुरा हो ।

(८) मारको आठौं सेना - घमण्ड अर्थात् अहंकार ।

जब ध्यान भावना सफल हुँदै जान्छ, ध्यानमा प्रगति हुँदै जान्छ, तब मनोविकार घट्दै जान्छ, विकारहरूको शक्ति क्षीण हुन थाल्छ, तब कसै-कसैलाई घमण्ड आउँछ, उत्तेजना आउँछ । अरूले सायद राम्ररी ध्यान गरेको छैन होला, मेरो जस्तो राम्रो ध्यान भएन होला, सायद म उनीहरूलाई सेवा गर्न सक्छु आदि विचारहरू आउन थाल्छ । यो कुरा मेरो अनुभवको आधारमा भनिरहेकोछु । धेरै समय अगाडि जब मैले यो जग्गा ध्यान केन्द्र स्थापनाको लागि, किनेको थिएँ, त्यतिबेला यहाँ ध्यान गर्ने कोठा बनेको थिएन । दश फीट लामो र दश फीट चौडाई भएको एउटा झूप्रो थियो । हामी त्यहीं बसेर छलफल गर्दथ्यौं । एक दिन एकजना साधक ध्यानबाट निस्केर आफ्नो लुंगी माथि तान्दै देखाउन थाल्यो कि "हो यहाँ हेर" उस्को खुट्टा तिर घाउ जस्तो पाकेको थियो मानौं कसैले चिथोरेको जस्तो । भित्रको संस्कार यस्तो जबरजस्त थियो कि भित्र-भित्र पाकिरहेको थियो । उस्ले भन्न थाल्यो, "हेर भित्र विकार यस्तरी उपकेर आउँछ, तपाईंहरू पनि मिहिनत गर्नु, परिश्रम गर्नु ।" ऊ घमण्डकासाथ भनिरहेका थिए कि "म ठीक तरिकाले विपश्यना गरिरहेको छु, यिनीहरू ठीक तरिकाले गरिरहेका छैनन् ।"

उनी फुटबल खेलाडी थिए, छिट्टै रिसाउने बानी थियो, कसैलाई हान्नु-हिर्काउनु पऱ्यो भने सबै भन्दा अगाडि सर्थे । यस्तो रिसालु ब्यक्ति जस्को शरीरमा गर्मी धेरै हुन्छ, संस्कार उप्केर आउँदा शरीर फाटेर निस्किन्छ । दोस्रो दिन उसलाई ध्यान गर्न गाह्रो भयो । शरीरमा कतै सम्वेदना थाहा पाउन सकेन तब आचार्यलाई भेट्न आए । त्यसैले म यही भनिरहेको छु कि अरूलाई उपदेश नदिनु । यदि केही सोध्नुनै छ भने म संग सोध्नु । यदि केही भन्नु छ भने आचार्यलाई गएर भन्नु ।

यहाँ अरूको उदाहरण यसैले दिइरहेको छु कि तपाईंहरू पनि घटनालाई राम्ररी बुझ्नु, प्रकृतिको स्वभावलाई राम्ररी बुझ्नु, अलग-अलग चिजको स्वभावलाई राम्ररी जान्नु ।

(९) मारको नवौं सेना - आचार्यको लाभ सत्कार

आचार्यहरूलाई खूब लाभ-सत्कार हुन्छ, यसैको कारण घमण्ड आउने गर्छ। यसलाई रोक्नु पर्छ। यति धेरै दान दक्षिणा, यति धेरै लाभ, सत्कार पाउँदा कस्लाई घमण्ड नआउला ? तर आफ्नो रक्षा आफैले गर्नुपर्छ, यहीं आफूलाई सावधान गर्नुपर्छ।

यहाँ यस एकाउन्टेन्ट जनरलको अफिसमा ध्यान सिकाउन थालेको छु। यहाँका कर्मचारीहरूले फुर्सदको समयमा ध्यान गर्न पाउन् भन्ने यसको उद्देश्य हो। तर यहाँका कर्मचारीहरू थोरै छन्। यो ध्यानको कार्यक्रम धन कमाउनका लागि होइन, धर्म सिकाउनको लागि हो। यस कार्यालयका कोही पनि कर्मचारी जस्ले दश दिन साधना गर्छ ऊ यसको सदस्य बन्दछ, दश दिन बस्नु नै सदस्यताको फीस हो। राम्रो होइन र ? सदस्य बन्न केही दिनु पर्दैन, एक पैसा नि लाग्दैन केवल राम्ररी ध्यान गर्नुपर्छ। अभ्यास गर्दै रहनु, अभ्यास गर्न चाहिं छोड्नु हुँदैन। हामी पनि त्यही अभ्यास गरेर यहाँसम्म पुगेका हौं। यो काम रूपियाँ पैसाले गर्न सक्दैन। धर्मले यस्तो गरेको हो। हाम्रो विश्वास धर्मको प्रति छ, जहाँसम्म पैसाको प्रश्न छ त्यो त हामीसंग छैन।

यो केन्द्र मेरो होइन। ऊ बा खिनलाई यो केन्द्र उस्को हो भनेर घमण्ड गर्ने कुनै ठाउँ छैन। यो केन्द्र एकाउन्टेन्ट जनरल कार्यालयका सबै कर्मचारीहरूको हो, जस्ले विपश्यना साधना गरेका छन्। यदि उनीहरूले मलाई यहाँबाट निकाल्यो भने मैले यो ठाउँ छोड्नु पर्छ। ठीक कुरा हो नि ! म यसको मालिक होइन, यो मेरो होइन। मलाई नियुक्त गरेर ल्याईएको हो, हरेक वर्ष नियुक्त गरिन्छ, तब नै म यहाँ आउन पाउँछु। यदि म भन्दा सही अरू मान्छे भेटियो भने मेरो यहाँ आउने कार्यकाल समाप्त भयो। अथवा यहाँका केही सदस्यहरूले मलाई मनपराएन भने पनि मैले छोड्नु पर्छ। म यहाँको मालिक होइन, स्वामी पनि होइन।

(१०) मारको दशौं सेना - कुनै मिथ्या धर्मको अनुसरण गर्नु

दान दक्षिना धेरै पाउन कुनै झूठो तथा नयाँ धर्मको स्थापना गरिन्छ। एउटाको धेरै प्रशंसा गरिन्छ, अर्कोको निन्दा। त्यसैले अरूको निन्दा गर्नुको कुनै अर्थ नै छैन, चाहे अरूले हाम्रो बारेमा जेसुकै भनुन्, आफूले अरूको निन्दा नगर्ने, कुरा सही हो नि ? कसैलाई धेरै भन्दा धेरै शिष्य बनाउने इच्छा हुन्छ, ता कि आफूलाई धेरै भन्दा धेरै दान दक्षिणा प्राप्त होस्। त्यसैले उनीहरू त्यही सिकाउँछन् जो शिष्यहरू चाहन्छन्। मिथ्या शिक्षा सिकाउँछन्। सद्धर्मको कुरा सिकाउँदैनन्, त्यस अनुसारको साधना गराउँदैनन्, त्यस अनुसारको काम गर्दैनन्। यही मारको दशौं सेना हो।

धर्मले दुःखलाई मिटाउँछ, शोकलाई मिटाउँछ र सुख प्रदान गर्दछ। यस्तो सुख कस्ले दिन्छ ? यो बुद्धले दिंदैन। यो तपाई भित्र रहेको जागृत अनित्य विद्याको ज्ञान हामी सँधैं गरिरहन सकूँ, अनित्यताको दर्शन प्रतिक्षण भईरहोस्, यसको निरन्तरता छुट्न नपावस्। यसको अभ्यास कसरी गर्ने त ? शील भंग नगर्ने, झूठो बोल्नुबाट बच्नु पर्छ- त्यसको कारण शील छिट्टै बिग्रीन्छ। मलाई अन्य चारवटा शीलभन्दा झूठो बोल्ने प्रति अति डर लाग्छ, यसले शीलको आधारलाई अति कमजोर बनाउँछ। जब शील कमजोर हुन्छ, तब समाधि पनि कमजोर हुन्छ। सत्य बोल्ने अनि नियमित समाधिको अभ्यास गरियो भने प्रज्ञा पुष्ट हुँदैजान्छ। आफ्नो शरीरमा के भईरहेको छ यस प्रति सजग भइरह्यो भने अनित्यतको प्रकृति स्वाभाविक रूपले प्रकट हुनथाल्छ।

मेरा पुज्यवर गुरु सया तै जीले भन्नु भएको थियो "निरन्तर बडो जोडले प्रकम्पन हुनु, अस्त-ब्यस्त हुनु, टुक्रा-टुक्रा भएर फुट्नु, पोल्नु, शरीरको विनाश हुनु यी सबै अनित्यताको लक्षण हुन। यो शरीर नित्य रूपले परिवर्तित भईरहन्छ, बदलिरहन्छ। 'नाम' चित्तले शरीरको यो निरन्तर भईरहेको परिवर्तित स्वभावलाई थाहा पाईरहेको हुन्छ। जब रूप बदलिएर समाप्त हुन्छ तब 'नाम' जस्ले यसलाई महसूस गरिरहेको छ त्यो पनि परिवर्तित हुँदै समाप्त हुन्छ। नाम र रूप दुबै अनित्य नै हुन्। यस अनित्यताको बोध सँधै भईरहनु पर्छ, यसको जानकारी निरन्तर भईरहनुपर्छ।

टाउकोको माथिल्लो भागमा मनलाई केन्द्रित गर्ने र त्यसलाई विस्तारै शरीरको तल्लो भागमा झार्दै लाने, टाउकोबाट निधारमा, मुहारमा, घाँटीमा, काँधहरूमा, काँधबाट दायाँ हात - बाँया हातमा मन केन्द्रित गर्ने। मन जहाँ-जहाँ लग्यो त्यहाँ-त्यहाँ भईरहेको सम्वेदनाहरू महसूस हुन्छ, जस्तो कि टर्चले शरीरको भागहरूमा जहाँ-जहाँ देखायो गर्मीपन महसूस हुँदै जान्छ। किन कि

शरीर भित्र केही बलिरहेको छ, नष्ट भईरहेको छ । शरीर भित्रका जुन अणु-परमाणुहरू छन् तिनीहरूको स्वभाव नै त्यही हो । अति सम्बेदनशील भएर यसलाई अनुभव गर्नुपर्छ । चित्त एकाग्र गरि यसलाई हेरियो भने तपाईं पनि देख्न सक्नुहुन्छ ।

एकपटक ध्यानको अभ्यास गर्न जानियो भने, साधक सावधान भएर विपश्यना ज्ञानको आधारमा हेर्न थाल्दछ । तब जति पनि मनोविकार छन् ती अधिक समयसम्म टिक्न पाउँदैन । तिनीहरू निक्लिनु पर्ने नै हुन्छ, जब विकारहरू निक्लिंदै जान्छ तब ब्यक्ति स्थिर हुन्छ, संयमित हुन्छ र असल जीवन जिउन योग्य हुन्छ ।

अब यो काम कति समय सम्म गर्नु पर्छ ? तबसम्म कि जबसम्म अनित्यता को दर्शन गर्दै अनेक जन्ममा संचित पुराना सबै कर्म-संस्कारहरू जरादेखि नै उखेलेर समाप्त होस् यो अभ्यास निरन्तर गर्दै रहनु पर्छ ।

त्यस अवस्थामा ब्यक्ति स्रोतापन्न हुन्छ । स्रोतापन्न, त्यो अवस्था हो जहाँ पहिलो पटक निर्वाणको साक्षात्कार हुन्छ, पहिलो पटक निर्वाणको मार्गमा डुबुल्की लगाएर आर्य-पुद्गल बन्दछ । यो अवस्था सजिलै प्राप्त हुने होइन ।

निर्वाणको अन्तिम अवस्थामा अनेक जन्ममा संचित सम्पूर्ण संस्कार क्षीण हुन्छ । यो त धेरै टाढाको कुरा भयो, यसको प्राप्तिको लागि के तपाईं प्रयत्न गर्न चाहनु हुन्न ता कि निर्वाणको एक झिल्को भएनी अनुभव होस् । यदि निर्वाणको अनुभव मरेपछि मात्र हुने भए यी विदेशी साधकहरू यो विद्याको अभ्यास गर्दैनन् । उनीहरूले यस्को स्वाद थाहापाइसकेका छन्, त्यसलाई मन पराएका छन्, त्यसैले नै उनीहरू टाढा-टाढाबाट यहाँसम्म आउने गर्दछन् । उनीहरू आफ्ना परिवार तथा साथी-भाईहरूलाई यहाँ विपश्यना ध्यानबाट प्राप्त सुख र शान्ति पाउने अभ्यास गर्न पठाउँछन् । यस्तो किन भयो ? किनकि उनीहरूले धर्म रसको स्वाद लिएका छन् । त्यसैले एउटा महत्वपूर्ण कुरा यो कि धर्मको रस स्वादलिनको लागि आचार्यको पनि आवश्यकता हुन्छ । त्यस्तै साधकको परिश्रम पनि त्यत्तिक्कै आवश्यक हुन्छ । यसै रसलाई धर्म रस भनिन्छ जुन सबै भन्दा उत्तम रस हो ।

यस रसलाई पाउनको लागि कठिन परिश्रम गर्नुपर्छ । जस्तो राजाहरूले सांसारिक सुखको आनन्द भोग्छन्, देवताहरूले दिब्य सुखको आनन्द भोग्छन्, ब्रह्माले ब्रह्मान्दको सुख भोग्छन् । त्यस्तै बुद्ध तथा अरहन्त ब्यक्तिहरू पनि त्यस धर्म-रसको स्वाद लिन्छन्, जुन उहाँहरूले प्राप्त गर्नु भएको छ । तपाईंहरू पनि धर्म रस नपाउञ्जेलसम्म कठिन परिश्रम गर्दै रहनुस् । तर अतिमा गएर परिश्रम गर्ने होइन्, मध्यम मार्ग अपनाउनुस् । कार्यक्रम अनुसार नै काम गर्नुहोस् । जुन कामको लागि समय निर्धारित गरिएको छ, त्यसै अनुरूप गर्नु, अत्यन्त सावधानी पूर्वक प्रयत्न गर्नु ।

सबैको मंगल होस ! ■

(साभार- बुद्ध वर्ष २५६२, वर्ष ३५, अङ्क ८, २०७५ मंसिर)

कर्मफल

✍ **भिक्षुणी धम्मवती**

कर्मफल छगू थ्वीके थाकुगु सिध्दान्त खः । मेमेगु धर्मे नं कर्मफल सिध्दान्त दु … न्ह्यागुं सुख दःख भोग याय् मालीगु कर्म अनुसार धकाः । तर धर्मं कर्मफल माने याःसां न्ह्यागुं कर्मयात दोष बीमखु । जुक्क फुक्क पूर्व कर्मया दोष मखु । थ्व हे जन्मया नं दोष व हेतु दु ।

आः थन पालि अभिधर्मे दुथें कर्म सिध्दान्त न्ह्यथने त्यना । कर्म प्यंगू दु … "**दिट्ठ धम्म वेदनियं, उपपज्ज वेदनियं, अपरापरिय वेदनियं, अहोसिकम्मञ्चेति पाक काल वसेन चत्तारि कम्मानि नाम ।**"

(– अभिधम्म भूमिकण्ड कम्म चतुक्क)

सत्व प्राणीपिं फुक्कसिके महाभूतया खानी शरीर व मन - नाम रुप धयागु स्यूगु स्वभाव चित्त दु ।

थ्व निगू मध्ये रुपं विपाक उत्पन्न ज्वीगु छुं कर्म दय्के मसः । केवल सिंग्वथें अज्ञानम्ह वा अचेतनिकम्ह जक खः ।

उकिं सम्यक सम्बुध्दं व रुपयात अभिधर्मे थथे धया बिज्यात … "**सब्बञ्च पनेतंरुपं अहेतुकं, सप्पच्चयं, सासवं, संखतं, लोकियं, कामावचरं, अनारम्मणं, अप्पहातब्बं**"

१) **अहेतुकं** : फुक्क रुपे लोभ, दोष, व मोह रुपी अकुशलया कारण हेतु व अलोभ, अव्देष, अमोह रुपी कुशल हेतु छुं मदु ।

२) **सपच्चयं** : रुप फक्कं कर्म, चित्त, ऋतु, व आहार धयागु प्यंगू कारणं युक्त जुयाच्वन ।

(क्रमशः ११ पेजमा)

गोपा

अनुवादिकाः भिक्षुणी वीर्यवती

कोलिय राजा दण्दपाणी सुप्रबुद्धकी गुणवती कन्या गोपा पछि गएर यशोधरा नामले प्रख्यात भइन् । जस्तो नाम, त्यस्तै गुणले पनि सम्पन्न भएकीले उनले आफ्नो जीवनकालमा बास्तविक रूपमै महान यश धारण गरेकी थिइन् । कपिलवस्तु राज्यका दिव्य राजपुत्र युवराज सिद्धार्थको बारेमा महामुनिहरूले यसरी भविष्यवाणी गरेका थिए– "राजकुमार सिद्धार्थले बैभव त्याग गरेमा उनले बिश्वलाई कल्याण गर्नेछ ।"

महाराजा शुद्धोदनले आफ्नो एकमात्र सर्वगुणसम्पन्न राजपुत्रलाई राजकाजतर्फ आकर्षित गर्नको लागि उनलाई बैभवशाली वातावरणको पूर्ण व्यवस्था गरिदिएका थिए । ऋतु अनुसारको सुख सुविधा प्रदान गर्ने प्रासाद एवं उपवनको साथसाथै संगीतको ध्वनीको रमणीय बातावरणमा युवराज सिद्धार्थलाई हुर्काइएको थियो, तर उहाँको मन त्यस्तो कुनै पनि भौतिक बैभवमा रमाउन सकेको थिएन ।

सधैं भैं एउटा महोत्सवमा अन्य देशका धेरै राजकुमारीहरूलाई आमन्त्रित गरिएको थियो । उत्सव समापन पछि उनीहरूलाई राजकुमार सिद्धार्थको तर्फबाट पुरस्कार दिलाउने वन्दोवस्त पनि गरिएको थियो । सबै सुन्दरीहरू उपहार लिंदै फर्के । अनि सुन्दरी गोपाको पुरस्कार लिने पालो आयो । किन्तु त्यस समय राजकुमारसंग पुरस्कार दिने बस्तु सबै सिद्धिसकेको थियो । तैपनि उनी युवराजसंग बिदा लिनको लागि अगाडि गइन् । साहस गरी मुग्धा गोपाले विणाको स्वर जस्तै सुरीलो स्वरले भनिन्– "म पनि आमन्त्रित राजकुमारीहरू मध्ये एक हुँ, राजकुमार !" अनि राजकुमारले उनीलाई एउटा सुनको पात्र उपहार दियो, साथै आफूले लगाइराखेको एउटा औंठी पनि दिने ईच्छा गऱ्यो, परन्तु गोपाले आफ्नो सुरीलो स्वरमा त्यस औंठी नदिन अनुरोध गरिन् । त्यो कुराले सिद्धार्थको मन उनीप्रति आकर्षित भयो । अनि सौन्दर्यशाली चम्पकवर्णी मुग्धा यशोधराले पनि मनैमन उहाँलाई आफ्नो हृदयको देवता ठानिन् ।

महाराजा शुद्धोदनले युवराज सिद्धार्थको बिबाह राजकुमारी गोपासंग गराइदिन महाराजा दण्डपाणीसंग अनुरोध गरे । राजकिय परम्परा अनुसार राजकुमारी गोपासंग बिबाह गरी पत्नीको रूपमा प्राप्त गर्नको लागि सिद्धार्थ कुमारले आफ्नो शौर्य (पराक्रम) को प्रमाण दिनु पर्ने आवश्यकता पऱ्यो । कुमारले सबै शस्त्रअस्त्रको कौशलताबाट सबैलाई प्रभावित गरिदियो । स्वयम्वरको दिनमा एउटा हठी चञ्चल घोडालाई त्यहाँ उपस्थित अरू कुनै पनि राजकुमारले बसमा लिन सकेनन्, तर त्यही घोडा राजकुमार सिद्धार्थसामु गएर पाल्तु मृग जस्तै नम्र भई निहुरिन पुग्यो । त्यसपछि क्षत्रीयोचित गुणले सम्पन्न राजकुमार सिद्धार्थसंग देवी गोपाको बिबाह कार्य सम्पन्न भयो । आफ्नो हृदयश्वरको छाँया जस्तै रहेर दुलही गोपाले आफ्नो प्रिय स्वामीकी सच्चा अनुगामिनी बनिन् । बिबाह पश्चात् नौ दश वर्ष सम्म त हाँसी खुशी सुखमय जीवन बिताईन् । यसै बीच दुलही गोपा गर्भवती भईन् । त्यस अवस्थामा एक रात उनीले अनौठो सपना देखिन्– "एउटा सेतो रंगको गोरू दगुर्दै दरवारतर्फ लम्किरहेको थियो । त्यस गोरूको शीरमा मणि थियो, र त्यसको सिंग फराकिलो थियो । उनले ढोका बन्द गर्ने आदेश दिइन्, तर ढोका बन्द गर्न सकेनन् । यत्तिकैमा उनी बिउँझिन् । परन्तु त्यो सपनामा सुनेको "त्यो समय अहिले आईसकेको छ" भन्ने बाक्यले उनीलाई थरथर कँपाइदियो ।

गहभरि आँसु गरी उनले त्यस सपनाको बृतान्त आफ्नो ह्दय– देवतालाई बताईन् । कुमार सिद्धार्थले उनलाई सान्त्वना दिएपछि बल्ल उनलाई निद्रा लाग्यो । राजकुमारलाई जुनबेला देखि उसले बृद्ध, रोगी, मृतक व्यक्ति र भिक्षुलाई देखेको थियो, त्यसबेला देखि उनको चित्त मुक्तिमार्गको खोजीतर्फ केन्द्रित भइराखेको थियो । आखिर एकदिन उनले निश्चय गरेर आफ्नी प्रिय पत्नी गोपा र भरखर जन्मिएको बालक राहुललाई त्याग गरेर शुन्य रात्री प्रहरमा दरबार, बैभव, प्रणय एवं स्वजनस्नेहसँग बिदा लिएर गए । रात्रीको प्रहरमा अनोमा नदी पारी पुगेपछि महाभिनिष्क्रमणको निम्ति उसले आफ्नो वस्त्राभूषण एवं कण्ठक घोडा समेत छन्दकलाई हस्तान्तरण गरी आफू स्वयं बनबासी भए ।

देवी गोपा जब निन्द्राबाट बिउँझिन्, तब उनको सर्वस्व नै नाश भइसकेको थियो । आँसुले भिजिएकी बिरहिणी गोपाले कठिन साधना गर्दै प्रिय स्वामीलाई पर्खिरहन थालिन् । राजाकी बुहारी भएर पनि युवराज्ञीको वस्त्राभूषण त्याग गरेर उनी पनि सन्यासिनी भैं त्यागी

जीवन बिताउन थालिन् । सौभाग्यको चिन्ह चुरा चारवटा र टीका एउटा मात्र उनको श्रृङ्गारको साधनको रूपमा बाँकी रह्यो । राजा शुद्धोदन र महारानी महाप्रजापती गौतमीको सेवा र बालक राहुलको पालनपोषणमा जुटिरहिन् । उनी आफ्नो आराध्य बनबासी भएको खबर सुनिसकेपछि आफ्नो श्रीमानको सच्चा सहधर्मिणी भएर उनी मात्रै बैभवको बिचमा कसरी बसीरहन सक्थिन् र ?

धेरै वर्ष सम्मको कठोर तपस्या पछि कुमार सिद्धार्थले मारलाई पराजित गरी बोधिज्ञान प्राप्त गरेर बुद्ध हुनुभयो । ऋषिपतन मृगदावनमा उहाँले धर्मचक्र प्रवर्तन गर्नुभयो । फेरि प्राणी मात्रको दुःखलाई आफ्नो करूणाद्वारा हटाउँदै धर्मोपदेशको अमृतवर्षा गर्दै कपिलवस्तुमा आईपुग्नु भयो ।

धेरै समयावधि देखि प्रतिक्षा गरिरहेकी गोपालाई उनको ससुरोले भगवान् बुद्ध समक्ष जाने सल्लाह दिनुभयो । तर श्रद्धामयी मानिनीले आफ्नो अविचल भक्ति राखेर अनुनयपूर्वक भनिन्– "उहाँ यहिँ आउनुहुनेछ ।"

महाराजा शुद्धोदनले आफ्नी बुहारी गोपालाई एक्लै छोडेर जान सक्नुभएन । तथागत उनको अविचल भक्तिदेखि प्रसन्न हुनुभयो र उहाँ आफै गोपा बसीराखेको कक्षको ढोकामा पुग्नुभयो । देवी गोपाले आफ्नो ह्दयका देवता सिद्धार्थलाई बिश्व देवताको रूपमा देख्नु भयो । बिरहिणी गोपाले बिश्वको सुख शान्तीको लागि आफ्नो सबै सुख त्याग गर्नुभयो । काषायवस्त्र धारण गर्नुभएका दिव्य देवता तथागतलाई उहाँले के दिन सक्नु हन्थ्यो र ? आफ्नो काखमा रहेको पुत्र राहुल नै उहाँको सर्वस्व धन थियो । त्यागको त्यस पुणित प्रतिमाले आफ्नो एकमात्र प्रिय पुत्र राहुललाई भगवान् बुद्धको चरणमा अर्पण गरिदिनुभयो ।

कालान्तरमा आफ्ना देवतुल्य ससुरा महाराजा सुद्धोदन परलोक भइसकेपछि उहाँले पनि प्रव्रज्या ग्रहण गरी भिक्षुणी हुनुभयो । थेरी भइ सक्नुभएपछि भिक्षु संघबाट उहाँको नाम भद्राकात्यायनी राखिदियो । कठिन साधना एवं शील पालना गर्नु भएको कारण भगवान् गौतमको जीवनकालमा नै भद्राकात्यायनी (गोपा) लाई पनि अग्रश्रावक सारिपुत्र, महामौद्गल्यायन र बक्कुल स्थविर संगसंगै महाभिज्ञा प्राप्त भयो ।

तथागतले भिक्षुणीहरूलाई पद प्रदान गर्नुहुँदै भिक्षुणी भद्राकात्यायनीलाई पनि यसरी पद प्रदान गर्नुभएको थियो– "भिक्षुहरू ! महाभिज्ञा प्राप्त भिक्षुणी श्राविकाहरू मध्ये भद्राकात्यायनी अग्र रहेको छ ।"

देवी गोपा आफ्नो पतिको सच्चा अनुगामिनी हुनुहुन्थ्यो । बैभवमा बैभवमयी, फेरि त्यागमय जीवनमा सच्चा साधिका हुनुहुन्थ्यो । महाकारूणिकको कल्याणमयी पावन गाथामा उहाँको करूणाको कथा युग-युगसम्म पनि श्रद्धापूर्वक स्मरण भइरहने छ ।

कर्मफल ...

३) **सासवं** : रुप फुक्कं आश्रव प्यंगूया आरम्मण खः । (प्यंगू काम, भव, दृष्टि व अविद्या आशाया न्ह्यवोसा) ।

४) **संखतं** : रुप फुक्कं कर्म, चित्त, ऋतु, आहारं बने जुयाच्वंगु वा थुपिं प्यतां पाले जुयाच्वंगु खः ।

५) **लोकियं** : रुप फुक्कं लौकिक -भौतिक) खः ।

६) **कामावचरं** : रुप फुक्कं काम तृष्णाया चाःहिलेगु व म्हाइपु छ्यायगु थाय् खः ।

७) **अनारम्मणं** : रुप फुक्कसिनं आरम्मणयागु रस वा सवाः काय् मसः ।

८) **अप्पहातब्बं** : रुप फुक्कं मार्गफलं काटेयाय् माःगुमखु ।

झीसं स्वय्बले थ्व रुप वा शरीर धयागु न्ह्याबलें वहेतुं व सुंक तयातयाथें च्वं । तर क्षणक्षणे खनेदयाच्वंगु रुप परिवर्तन जुयाः फुनावनाच्वंगु दु । हानं हानं न्हून्हूगु रुप कर्म, चित्त, ऋतु, व आहारया पाखें वा आहारव्दारा बनेजुयावं वयाच्वंगु दु । (इताः व चिकं दत्तले मत च्यानाच्वंथें जक खः) ।

परमार्थया पाखें (धात्थेंया हिसाबं) स्वय्बलेला रुपयात सुनानं सुमुक तयातय् फइमखु । नाश वा परिवर्तन जुयावं वनाच्वनी ।

तर ब्यवहारिकया हिसाबं पलख सुमुक तयाथें च्वं जि वहेतुं धकाः खः धकाः भ्रमय् लानाः सुमुक च्वनाच्वना धयाच्वन ।

थन नाम वा चित्त धयाम्ह रुपथें अहेतुक आदि कुसल अकुसल हेतु मदुम्ह मखु । व चित्तंला न्हिंन्हिं क्षण क्षणे - एक सेकेण्ड हे) सुंक मच्वंसे लोभ, व्देष, मोह आदि अकुशल हेतु अलोभ, अव्देष,अमोह आदि कुशल हेतु दय्कावंच्वंगु दु । *(क्रमशः अर्को अङ्कमा)*

देवधम्म जातक

✍ प्रकाश बज्राचार्य

"राजकुमार ! म लज्जित छु । राजा हुँ, तैपनि लज्जित दु । म तिमीलाई औधि रुचाउँछु, तर गह्रौं मनले भन्नु परेको छ कि तिमी र तिम्रो भाइ चन्द्रकुमार आजै यो राज्य छोडेर जंगलमा बस्न जाऊ ।" सकी नसकी राजा ब्रह्मदत्तले आफ्नो छोरो महिंसास कुमारलाई भने ।

"बुबा, हजुरको आज्ञा उलंघन गर्ने क्षमता ममा छैन, तर पनि आज अकस्मात हजुरले यस्तो कुरो गरेकोले मलार्य छक्क लाग्यो । किन, के भयो ?? बुबालाई सञ्चै त छ ? महिंसासले सोधिहाले ।"

लामो सुस्केरा हाली राजाले भने, "छोरो ! भूल मेरै हो । तिमी र तिम्रो भाइ चन्द्रकुमार जन्मिसकेपछि मैले अर्की रानी बिहा गरेर ल्याएँ । तिम्रो कान्छी आमाबाट सूर्यकुमारको जन्म हुँदा मैले तिम्रो कान्छी आमालाई हर्षले अन्धो भई जेभएपनि वर माग भनेको थिएँ । आज आएर सूर्यकुमार जवान भएपछि यो राज्य उसको हातमा पार्नको लागि तिमीहरू दुई जनालाई वनवास पठाउने वर मसंग मागी । आफ्नो वचनमा आफै फसेको छु म ! त्यसैले, छोरो, मलाई माफ गरिदेऊ र आफ्नो भाई चन्द्रकुमारसंग जंगलमा बस्न जाऊ । म मरिसकेपछि फर्केर आई यो राज्य चलाऊ ।"

धेरै कुरा गरिराख्नु मुनासिव हुँदैन भन्ने विचारले महिंसास कुमारले भाइ चन्द्रकुमारलाई यो खबर पठाइदियो । यता सूर्यकुमारले पनि चाल पाइहाल्यो । एक त आफ्ना प्यारा दाइहरू, अर्को आफ्नो कारणले उनीहरू वन जान लागेका । उसले सहन सकेन; आफू पनि उनीहरू संगै वनवास जान्छु भनी ढिपी गर्न थाले ।

यसरी महिंसास कुमार, चन्द्रकुमार र सूर्यकुमार तीन दाजु भाइहरू जंगलमा वनवास बस्नलाई हिंडे ।

घना जंगल । बिहानैदेखि हिंडेर आएकोले थकाइले चूर भई तीनैजना दाजुभाई एक रूखको छहारीमा थकाइमार्न बसे । कपालमा चुहेका पसिना पुछ्दै महिंसासले सूर्यकुमारलाई भने - "भाइ, यहाँ नजिकै एउटा तलाउ छ । तिमी गएर त्यहाँबाट मेरो लागि पिउने पानी अलिकति ल्याइदेऊ ।"

"हवस्" भनी सूर्यकुमार तलाउतिर हिंडे ।

धेरै बेरसम्म पनि सूर्यकुमार फर्केर आएन । महिंसास कुमारले अर्को भाइ चन्द्रकुमारलाई भने–"सूर्यकुमार त फर्कदै फर्केन । के गरिराखे होला यति वेरसम्म । जाऊ तिमी गएर हेरेर आऊ । पानी पनि ल्याउनु बरू ।"

"हवस्" भनी चन्द्रकुमार पनि तलाउतिर हिंडे ।

ऊ पनि फर्केन । धेरै बेर बितिसक्यो । हो न हो कुनै बिपत्ति आइपऱ्यो होला भन्ने ठानी महिंसास कुमार आफैले तलाउको दिशातिर पाइला चाले ।

जंगलको बीचमा रहेको तलाउ । अति शान्त, अति निर्मल, अति स्वच्छ । चारैतिर सुनसान । आफ्ना भाइहरू कतै पनि देखेन महिंसासले । उनी चकित भए । अकस्मात आफ्नो दाहिनेतर्फ केही आहत भएकोले महिंसासले मुन्तो घुमाए । त्यस्तो बिरान र सुनसान ठाउँमा एकजना मान्छे आफैतिर आइरहेको देखे । उसैसंग महिंसासले सोधे–"दाइ, यहाँ केहीछिन अगाडि मेरा दुई भाइहरू आएका थिए । उनीहरू अहिले बेपत्ता छन् । तपाइँले देख्नुभएको छ कि ?"

मुसुक्क हाँसेर त्यो मान्छेले भने– "हो, देखेको छु । मैले ती दुई जनालाई समाति राखेको हुँ ।"

"किन नि ? !"

"हेर्नुस्, म वास्तवमा एक राक्षस हुँ । यो तलाउमा पानी खान आउने सबैलाई समात्ने अधिकार ममा छ ।"

"सबैलाई ! ?"

"हो सबैलाई ! ती सबैलाई जसले मलाई देव धर्मको व्याख्या गर्न सक्दैन, ती सबैलाई जसले देव धर्म बुझेको छैन । तिम्रा भाइहरूलाई पनि देव धर्म आउँदैनथ्यो । पहिलोले 'चन्द्र सूर्य नै देव धर्म हो' भने, अर्कोले 'चारैदिशा देव धर्म हुन्' भने । त्यसैले ती दुबै मेरो अधिनमा छन् अहिले ।"

एकैछिन घोरेर महिंसासले भने–"त्यसोभए तिमी देव धर्म के हो जान्न चाहन्छौ होइन त ! ? म तिमीलाई देव धर्म के हो भनी भन्छु ।"

राक्षस खुसी भएर भने– "त्यसो भने उपदेश गर्नुस् ।"

महिंसासले स्नान गरी आफूलाई शुद्ध पारी एक ठाउँमा राम्ररी आसन जमाई देव धर्मको व्याख्या गर्न शुरु गरे–"संसारमा हिरि (=लोक लज्जा) र ओत्तप्प (=लोक निन्दा) को भय हुनु नै देव धर्म हो । यसैमा समाज टिकेको छ । यसैमा नैतिकता खाँचेको छ । पाप कर्मबाट मानिसहरूलाई टाढा राख्ने क्षमता यसैमा छ । मानिसहरू अरूको अगाडि, समाजको अगाडि गर्नु नहुने अनैतिक

कामहरू सामाजिक लाजले गर्दैनन्; त्यस्तै समाजबाट निन्दा हुने डरले कतिपय कुकर्महरूबाट टाढा रहन्छन् । यी लोक लज्जा र लोक निन्दाको भयले नै समाजलाई समाज बनाएको छ; नैतिकताको अस्तित्व जोगाएको छ; कुकर्मलाई पन्छाएको छ । यही नै देव धर्म हो । यही नै....."

यो धर्मदेशना सुनेर राक्षस अति प्रसन्न भए । भने–"पण्डित ! म तपाइँको आभारी छु । तपाईंले मलाई देव धर्मको व्याख्या गर्नुभयो । म तपाइँको दुई भाइहरूमा एकलाई फर्काइदिन्छु । भन्नुस्, तपाइँ कसलाई लग्नु हुन्छ ?"

"कान्छो भाइ सूर्यकुमारालई ल्याऊ ।"

"पण्डित ! गजब ! आफ्नो जेठो भाइ छाडेर, एकै कोखका सन्तानलाई छाडेर कान्छोलाई माग्छौ । तिमीलाई देव धर्मको व्याख्या गर्न आउँछ, तर अनुसरण गर्न आउँदो रहेनछ ।"

"यक्ष । देव धर्म बुझेको कारणले नै मैले यसो गर्न लागेको हुँ । जुन भाइको लागि हामीले वनवास बस्नुपऱ्यो, जुन भाइले हातमा आएको राज्यलाई छाडी हामीसंगै वनवासमा आए, उसलाई नलिइकन हामी मात्रै कसरी फर्कने ? अरूले के भन्ला ? समाजले के सोच्ला ? यही लोक लज्जा र लोक निन्दाको कारणले मैले कान्छो कुमार माग्दैछु ।"

"साधु, साधु, साधु ! ! ! तपाइँलाई लाँच्चै देव धर्म आउँदो रहेछ । तपाइँका दुई भाइलाई म फर्काउँछु ।" राक्षसले भने ।

"यक्ष ! तिम्रा पुराना नराम्रा कर्महरूले गरेर अहिले राक्षस हुनुपऱ्यो । अब पनि यस्तै काम किन गर्छौ ? कुकर्म छाडी सुकर्ममा लाग ।" भनी उपदेश दिएर महिंसासले यक्षलाई पनि बोध गरे ।

केही वर्षपछि आफ्नो बुबाको देहान्त भएको खबर आएपछि महिंसास कुमार आफ्नो देशमा फर्केर आई धर्मपूर्वक राज्य चलाउन थाले ।

यो जातक भगवान्ले धेरै सामान थुपार्ने एकजना भिक्षुको कारणले भन्नुभएको हो । यसमा महिंसास कुमार हुने स्वयं बोधिसतव बुद्ध हुनुहुन्थ्यो । ■

(साभार- जातक कथा)

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



दि. बसुन्धरा महर्जन, मैतीदेवी
बूगु न्हि : बि.सं. २००३ कार्तिक ३ गते
मदुगु न्हि : २०७७ मंसिर २ गते

दि. चन्द्रमान डंगोल, जावलाखेल, ललितपुर
बूगु न्हि : बि.सं. १९९५ कार्तिक १३ गते
मदुगु न्हि : २०७७ कार्तिक २८ गते

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया सक्रिय दुजः रीता महर्जनया मां मय्जु **बसुन्धरा महर्जन** व थुगु ज्ञानमाला भजन प्रति श्रद्धावान् जुयादीम्ह भाजु **चन्द्रमान डंगोल** दिवंगत जुयादिल । धर्मानुकूल अभ्यास यानाः पुण्य संचय यानादयूथें वयक:पिन्त सुगति प्राप्त जुयाः याकनं हे निर्वाणया हेतु प्राप्त ज्वीमा धकाः आशिका यासे पुण्यानुमोदन यानाच्वना ।

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः
धर्मकीर्ति विहार, श्रीघः नःघः, यें

लोभयात वसय् तये फयेके

✍ सुनिता मानन्धर

छगू इलय् वाराणसीया ब्यापारीतय् छगू पुचः दयेकल । उपिं मध्ये छम्हेसित नायः ल्यल । अनंलि उपिं धन कमे यायेत पिहां वन । ववं उमि लँ दापा जुल । उखें थुखें लँपु माः जुल । तर लुइके मफुत । इमिके नसात्वँसा नं मन्त । कालान्तर लिपा उमिसं वंगलसिमा छमा लुइकल । अन सिचु तायेकल । उपिं सकलें अन फ्यतुल । उमिसं धाल, 'अवश्य नं थ्व लखं प्याना च्वन । थुकि लः बाः वयाच्वंगु दयेमाः । उकिं थुकिया पूर्वपाखेया कचा ध्यनेमाः ।' धात्थें इमिसं धाःथें जुल । अनं निर्मल लः बाः वल । थ्व खनाः उपिं लय्ताल । लुधंक लःत्वन । थःपिनि इच्छा कथं म्वः ल्हुल । भचा जायेकाः उमिसं दक्षिणपाखेया कचा नं ध्यनेगु बिचाःयात । उकियात न. उघ्रिमय ध्यन । अनं आपालं मारसी जाकिया जा पिहाँ वल । लः मदुगु पाय्स समानगु मरी नं वल । कैं व खाद्य पदार्थ नं पिहांवल । थ्व खनेवं उपिं भ्रन लय्ताल । सकसिनं लुधंक नसा नल । नसा त्वंसां प्वाः जाल । अनं लिपा उमिसं पश्चिमपाखेया कचा न. ध्यन । अनं मिसात पिहां वल । अतिकं सुन्दरीपिं । बांलाक छाय् पिया तःपिं मिस्त । छम्ह छक्ह व्यापारीतय् थाय् छम्ह छम्ह मिस्त च्वंवल । सकसिनं अतिकं न्हयइपु तायेकल । थुलिं नं इपिं सन्तुष्ट मजुल । उमिसं उत्तरपाखे च्वंगु कचा नं ध्यन । अनं ला भ्रन् आपालं मोति, बेलौर, लुँ, वह पिहां वल । थुलि जक मखु । अनं न्यापाः न्यापाः तुयुगु व ह्याउँगु लासा नं पिहां वल । अथेहे कासिया वसः, कम्बल नं पिहां वल । उमिसं थः पिंत माक्व बस्तु काल । दक्वं मुन । गाडाय् तल । गाडा जायेके धुंकाः नं उपिं सन्तुष्ट मजू । अभ्र आपा कायेगु बिचाः यात । उमिसं सिमाया हा नापं ध्यनेगु बिचाः यात । थ्व खँ न्यनाः नायलं इमित पन ।

वं धाल, 'हे व्यापारीपिं छिमित भिँ जुइमाः । थुगु वंगलसिमां छिमित छु स्यंका बिल । ध्यने मते । पूर्वपाखेया

(क्रमशः २१ पेजमा)

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



दिवंगत शीलहेरा तुलाधर

मदुगु न्हि : २०७७ कार्तिक १४ गते

दिवंगत गणेश कुमारी सिं

मदुगु न्हि : २०७७ मंसिर १५ गते

भगवान् बुद्धं कनाबिज्याःगु शिक्षायात पालन यासे थम्हं फक्को भिंगु ज्या याना च्वनादीपिं दिवंगत मय्जु शीलहेरा तुलाधर व दिवंगत मय्जु गणेश कुमारी सिं निम्हसित नं सुगति प्राप्त जुयाः निर्वाणया हेतु नं याकन हे चूलाय्मा धकाः आशा यासे पुण्यानुमोदन यानाच्वना ।

लक्ष्मी नानी न्यत भोजन पुचः

धर्मकीर्ति विहार, श्रीघः नःघः, यैं

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो

बूगु न्हि :
बि.सं. २००३ कार्तिक ३ गते

मदुगु न्हि :
२०७७ मंसिर २ गते

बसुन्धरा महर्जन, मैतीदेवी, काठमाडौं

धर्मकीर्ति विहार चम्पा भोजन पुचःया दुजः रिता महर्जनया ममतामयी मां **बसुन्धरा महर्जन** आकाभ्काकां, दिवंगत जुया दिल । वयकःया सुगति व निर्वाण कामना यासे दुःखं कयाच्वंगु थुगु इलय् वयकःया छेँजःपिसं बुद्ध शिक्षायात थुइकाः धैर्य धारण याय् फय्मा धकाः आशिका यासे पुण्यानुमोदन यानाच्वना ।

चम्पा भोजन पुचः परिवार
धर्मकीर्ति विहार, श्रीघः नःघः, यें

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो

बूगु न्हि :
बि.सं. १९९५ कार्तिक १३ गते

मदुगु न्हि :
२०७७ कार्तिक २८ गते

दिवंगत चन्द्रमान डंगोल, जावलाखेल, ललितपुर

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य (सदस्यता नं. ७०२) **चन्द्रमान डंगोल** दिवंगत हुनु भयो । यस दुखद् घडीमा उहाँका परिवारले प्रकृतिको अनित्य, दुःख र अनात्म स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् । दिवंगत उपासकलाई सुगती एवं निवार्ण हेतु यथाशिघ्र प्राप्त होस् भन्ने कामनाको साथ पुण्यानुमोदन गर्दछौं ।

धर्मकीर्ति पत्रिका परिवार
धर्मकीर्ति विहार, श्रीघः नःघः, यें

सहनशीलता शान्तिको बाटो

✍ **भिक्षु अश्वघोष महास्थविर**

ठीक तरिकाले सहन सक्ने गुण भएको अवस्थालाई सहनशीलता भनिन्छ । सहनशीलता असल गुणधर्म हो । जहाँ यसले ठाउँ लिन्छ, त्यहाँ शान्ति मिल्नेछ । भगवान् बुध्द भन्नुहुन्छ, –

"यो हवे बलवा सन्तो दुब्बलस्स तितिक्खति
तमाहु परमं खन्ति निच्चं खमति दुब्बलो"

बल र प्रतिभाशालि व्यक्तिले निर्बल एवं प्रभावहीन व्यक्तिको अपराध र दोषलाई क्षमा प्रदान गरी सहन सकेमा यो नै उत्तम सहनशीलता गुण हुनेछ । अर्को शब्दमा भन्ने हो भने दुःखी गरीब र कमजोर व्यक्तिहरूले आफ्नो कमजोरीको कारणले बाध्य भई सहेको कार्यले सहीरूपमा शान्ति स्थापना हुन सक्दैन । त्यतिञ्जेल सम्म पनि जीवन रमणिय बन्न सक्दैन । तर उच्च ओहोदामा रहेका बलवान एवं प्रतिभाशाली व्यक्तिहरूले सहनसकेको घडिमा मात्र साँचो शान्ति प्राप्त हुनेछ । त्यहाँ कल्याणकारी वातावरणले ठाउँ लिनेछ ।

भगवान् बुध्द महामानवको रुपमा प्रस्तुत हुन सकेको पनि उहाँको सहनशीलता गुणले हो । एकदिन उहाँ समक्ष एक व्यक्तिले यसरी प्रश्न सोधेको थियो–

"रिसाउनु पाप हो कि धर्म ?

यस प्रश्नको उत्तर भगवान् बुध्दले यसरी दिनुभएको थियो–

"रीस उठ्ने समयमा जसले होश पुर्‍याउन सक्छ, त्यहाँ पाप होइन धर्मले ठाउँ ओगट्नेछ । तर रीस उठ्ने समयमा होश गुम्यो भने त्यहाँ पाप पूर्ण कार्य हुनेछ ।"

एकजना जापानी भिक्षुलाई रीस उठेछ र रीसको आवेगमा उसले अर्को एक व्यक्तिलाई मार्न खोजेको अवस्थामा उसले आफ्नो गुरुको वचन सम्झन पुगेछ–

"रीसको आवेगमा बेहोशी बनी कसैलाई नमार्नु, होशियारी बन्नु ।"

उक्त व्यक्तिले गुरुको यस ज्ञानबर्ध्दक कुरालाई सम्झने बित्तिकै होश सम्हाली ज्यान मार्ने जस्तो अनैतिक कार्य त्याग्यो । जसले गर्दा उसको जीवन पतन हुन सकेन ।

तर रीस उठ्ने बेला होश गुमाउन पुग्यो भने मानिसले आफ्नो पतन हुने कार्य गर्न पुग्छ । यही घटना बर्मा देशमा पनि हुन पुगेछ ।

एक आपसमा मिलेर बसिरहेका दुईजना भिक्षुहरू एकदिन नुहाउन गएछन् । नुहाउने ठाउँमा एकजनाले ठट्टा गरी साथीको जुत्ता लुकाइदिएछ । जुत्ता हराउने साथीले पनि आफ्नो वचनलाई संयम नगरिकन कुन चाहिँ कुकुरले मेरो जुत्ता लुकाइदिएछ भनेर कडा वचन प्रयोग गरेछ । यस वचनलाई सहन नसकी साथी भिक्षुले रीसको आवेगमा होश गुमाउँदै आफ्नो भिक्षुत्व भावलाई नै बिर्सी साथीलाई छुराले घोपिदिएछ । त्यसैले रीसलाई चल्न नै नसक्ने गरी दबाउने उपाय भनेको सहनु नै हो ।

सहन सक्ने व्यक्तिहरू भएको स्थानमा मात्र शान्तिले ठाउँ लिने गर्छ ।

लण्डनमा लिफ्टमा गइरहेको अवस्थामा एकजनाले अर्कोलाई थुकिदिएछ । तर अर्कोले यस घटनाप्रति कुनै प्रतिक्रिया नगरी खल्तिबाट रुमाल झिकी उक्त थुक पुछेर चुप लागेर बसेछ । यो दृष्य देखी थुक्ने व्यक्तिले सोधेछ– "तिमीलाई रीस उठेन ?"

थुक पुछ्नेले भन्यो– "रिसाएर के गर्नु ? टाउको फुट्ने गरी झगडा गर्ने ? तिम्रो ईच्छा पुरा भयो होइन ?"

यो कुरा सुनेर थुक्ने व्यक्ति चुप लागेर बसेछ । यहाँ सहन सकेको कारणले शान्तिले ठाउँ लियो ।

जुन परिवारमा सहन सक्ने व्यक्ति हुन्छ, उक्त परिवारको पारिवारिक जीवन सुखमय हुनेछ । त्यसैले पारिवारिक जीवनको सुखको लागि सहनशीलता अमृतरूपि औषधि नै हो ।

शुकरात दार्शनिक, विद्वान् र सत्यवादी हुनुहुन्छ । एकदिन शुकरातले आफ्ना विद्यार्थिहरूलाई आफ्नै घरमा पढाइ राख्नु भएको थियो । उहाँकी श्रीमती भने अलि अशिक्षित र जंगलि स्वभावकी थिइन् । त्यसैले होला उनीले आफ्नो श्रीमान्ले विद्यार्थीहरूलाई पढाइराखेको सहन नसकी झोकिँदै कराउन थालिन्–

"कहिल्यै हाँसेर बोल्नु छैन, त्यस्तो मान्छेले मलाई किन विवाह गर्नुपर्‍यो ?"

यो कुरा सुनेपछि नसुनेझैं गरी शुकरात पुस्तक पढेर बस्नुभयो । आफ्नो वचनको केहि प्रतिक्रिया नआएको देखि मुरमुरिएकी ती महिलाले केहि शीप नलागेर घर बाहिर गई एउटा बाटा भरि हिलो राखेर ल्याई श्रीमान्‌को शरीरमा खन्याइन् । यो दृष्य देखी विद्यार्थीहरूलाई रीस उठेछ र उनीहरूले शुकरातलाई भनेछ–

"गुरुज्यु, यी महिला त तपाईंलाई सुहाउँदैन ।"

यो कुरा सुनेर शुकरातले भन्यो–

"यिनी मलाई सुहाउँछिन् । यिनीले गरेर नै मैले आफुलाई कतिसम्म सहन सक्ने क्षमता कमाएँ भनी चिन्ने मौका पाइरहेको छु । माटोको भाँडो किन्न जाने मानिसले उक्त भाँडो कच्चा हो वा पक्का हो जाँच्नको लागि हातले उक्त भाँडो बजाएर हेर्ने गर्छ । त्यसरी नै यी महिलाले पनि म कतिसम्म सहने क्षमता भएको रहैछ भनी जाँच्ने गर्छिन् ।"

शुकरातको यो कुरा सुनी उनकी श्रीमतीको होश फर्किएछ र पश्चाताप मान्दै उनीले आफ्नो श्रीमान्‌संग यसरी क्षमा माग्न थालिन्–

"मलाई क्षमा गर्नुहोस् । तपाईं त देवता नै हुनुहुंदो रहेछ । तपाईंलाई मैले चिन्न सकिन ।

द्रोणाचार्यले आफ्ना शिष्यहरू युधिस्थिर, अर्जुन, भीम, नहकुल र सहदेवलाई सिकाउने सिलसिलामा "नरिसाउनु" शब्द घोक्ने गृहकार्य दिएको रहेछ । भोलिपल्ट युधिष्ठिर बाहेक अन्य ४ जना दाजुभाईहरूले सजिलैसित पाठ दिएछ मुखबाट । तर युधिष्ठिरले ४ दिनसम्म पनि पाठ आएको छैन भन्दै पाठ दिएन । त्यसैले गुरु द्रोणाचार्यले रीसको आवेगमा युघिष्ठिरलाई कुट्न पुगेछ । तर युघिष्ठिर कुटाई खाएपनि कतिपनि नरिसाइकन मुसुमुसु हाँसिरहे । युधिष्ठिर हाँसिरहेको देखी गुरुले सोधेछ– "अझ पनि हाँस्न मन लागेको छ तिमीलाई ?" गुरुको कुरा सुनी युधिष्ठिरले भनेछ–

"हजुरले नै हामीलाई गृहकार्य दिनुभएको होइन र नरिसाउनु भनेर ?"

युधिष्ठिरको उत्तर सुनी गुरु द्रोणाचार्यलाई होश आएछ र आफ्नो बेहोशीपना प्रति पश्चाताप गर्दै शिष्य युधिष्ठिरलाई स्नेहपूर्वक अंकमाल गर्दै भनेछ

"युधिष्ठिर, तिमीलाई मैले बल्ल चिनें । तिमीलाई पहिला नै पाठ आइसकेको रहेछ । तिमी भएर पनि परीक्षालेमा उत्तिर्ण भयौ । तर म गुरु भएपनि बेहोशी बनी मैले लिएको परिक्षामा म आफै अनुत्तिर्ण भएँ ।"

यसरी नै बर्मामा श्रीमान् श्रीमती एक जोडी विच कुनै एक मतभेदको कारणले सम्बन्ध बिच्छेद भएछ । उनीहरूको एक छोरी पनि रहेछ । त्यहि छोरीको लागि उनीहरू बिच मुद्दा चलेछ । न्यायाधिशले भन्यो– "अब छोरीले आमा बुबा दुबै मध्ये कोसंग बस्ने इच्छा गर्छ छोरी उसैको हुनेछ ।"

छोरीलाई सोधेछ– "कोसंग बस्ने ?" भनी ।

छोरीले जवाफ दिइन्– "म त मेरा आमा बुबा दुबैको सन्तान । म मेरा आमा बुबासंग नै बस्छु ।"

छोरीको यस निर्णयले गर्दा सम्बन्ध बिच्छेद भइसकेका आमा बुबा दुबै फेरी मिलेरबस्न करै लाग्यो ।

"सहनशीलताको महिमा र फल हो यो ।"

माथि उल्लेखित सम्पूर्ण घटनाहरूले सहनशीलता गुण नै शान्तिको उपाय हो भन्ने प्रमाण प्रस्तुत गरेको छ । धेरै जसो बुद्धि कमजोर भएका व्यक्तिहरूलाई चाँडै रीस उठ्ने गर्छ । उनीहरूलाई रीस उठ्ने कारणहरू यसरी रहेका छन् ।

१) आफूलाई मन नपर्ने कुरा सुन्नुपर्दा ।

२) आफूलाई मन नपर्ने खाना खानुपर्दा ।

३) आफूलाई मन नपर्ने व्यक्तिसंग रहनुपर्दा ।

४) आफूले भनेको कुरा कसैले नसुनिदिंदा ।

५) आफूले भनेजस्तो कार्य सिध्द नहुँदा ।

६) आफूलाई मनपर्ने नेता र गुरुलाई कसैले मान सम्मान नगर्दा ।

तर यी घटनाहरूले बुध्दिमान व्यक्तिहरूलाई केही असर पार्न सक्दैन । किनभने उनीहरूले आफ्नो मनलाई व्देष भावले होइन सहनशीलता भावले पखालीसकेको सफल व्यक्ति बनिसकेको हुन्छ । हामीलाई यस्तै व्यक्तिको खाँचो रहेको छ । ■

धर्मकीर्ति विहार — गतिविधि

धर्मकीर्ति संरक्षण कोषको सत्रौं वार्षिक साधारण सभा

२०७७ मंसिर २० गते
स्थान- धर्मकीर्ति विहार, धम्महल ।

यसदिन धर्मकीर्ति संरक्षण कोषको सत्रौं वार्षिक साधारण सभा सम्पन्न भयो । कोषका सह-कोषाध्यक्ष अरू सिद्धि तुलाधरले संचालक गर्नुभएको उक्त कार्यक्रममा कोषका सदस्य खेमावती गुरूमांले स्वागत मन्तव्य प्रस्तुत गर्नु भएको थियो ।

कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले कोषको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको उक्त कार्यक्रममा कोषाध्यक्ष अजय रत्न स्थापितले कोषको आय-व्यय विवरण प्रस्तुत गर्नुभएको थियो भने कोष अन्तरगतका विभिन्न इकाईहरू लगायत धर्मकीर्ति विहारका शाखा विहारहरूबाट पनि वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो । ती मध्ये धर्मकीर्ति विहारका विभिन्न इकाईहरूको आयव्यय विवरणहरू यहाँ प्रस्तुत गरिएका छन्–

१) धर्मकीर्ति ज्ञानमाला भजन नाफा नोकसान हिसाब
२) धर्मकीर्ति ज्ञानमाला भजन वासलात
३) धर्मकीर्ति बौद्ध मासिक नाफा नोक्सान हिसाब
४) धर्मकीर्ति बौद्ध मासिक वासलात
५) धर्मकीर्ति स्वास्थ्य कमिटी आय व्यय विवरण
६) धर्मकीर्ति पब्लिक इमेज कमिटी आय व्यय विवरण
७) धर्मकीर्ति बौद्ध परियत्ति केन्द्र (आय ब्यय विवरण)

धर्मकीर्ति ज्ञानमाला भजन

नाफा – नोक्सान हिसाब

बि.सं. २०७६ श्रावण देखि २०७७ आषाढ मसान्त सम्म

खर्चहरू	रकम	आम्दानी	रकम
शुरू मौजदात	८१,३५०.००	भजनबाट प्राप्त	३१,३८५.००
यातायात तथा ज्याला	९,१००.००	भजनबाट सारि बिक्री	५,४००.००
चीया पान	८,७१०.००	भजनबाट सि.डि. बिक्री	९,०००.००
संवेदना	४,६१०.००	भजनबाट सफू बिक्री	८९५.००
खादागा उपहार	६१०.००		
मर्मत खर्च	३००.००		
गुरु पूजा	१०,६८०.००		
बैंक ब्याज कर	**१३५३.१५**	**बैंक ब्याज प्राप्त**	**८५,४३६.४८**
१) इलाइट २४३.१५ २) बज्र ७८.०० ३) शुभ गणपति ८७४.०० शुभ गणपति १५८.००		क) एलिट २५७५४.४८ ख) वज्र व.उ. ३९,०९०.०० ग) शुभ गणपति १७,४३८.०० शुभ गणपति ३, १५४.००	
यस वर्षको वचत	**८२,३३३.३३**	**अन्तिम मौजदात**	**६६,९५०.००**
	१,९९,०४६.४८		**१,९९,०४६.४८**

सचिव
(प्रेमलक्ष्मी तुलाधर)

कोषाध्यक्ष
(बुद्धरत्न कंसाकार)

धर्मकीर्ति ज्ञानमाला भजन

वासलात

बि.सं. २०७६ श्रावण देखि २०७७ आषाढ मसान्त सम्म

दायित्व	रकम	सम्पत्ति	रकम
गत वर्षका संचितकोष यस	८७५,२७७.९१	सानो नगदि कोष बैक खाताहरू :	२,१००.००
वर्षको बचत	८२,३३३.३३		
		१) वज्र व.उ.सहकारी संस्था क) मुद्दति - ३२५,०००.०० ख) बचत - ४६,३४१.७५	३,७१,३४१.७५
		२) एलिट व.ऋ.स. संस्थान क) मुद्दति - २८५,०००.०० ख) बचत - ७,३२८.२९.००	२,९२,३२८०.२९
		३) शुभ गणपती ब.ऋ.स. क) मुद्दति - १६१,४९९.०० ख) वचत (१) ५८०१६.०० ग) वचत (२) ४०६९.००	२,२३,५८४.००
		४) कुवेर बैक	१,३०९.२०
		अन्तिम मौजदात	**६६,९५०.००**
जम्मा	९,५७,६११.२४	**जम्मा**	९,५७,६११.२४

सचिव
(प्रेमलक्ष्मी तुलाधर)

कोषाध्यक्ष
(बुद्धरत्न कंसाकार)

पुनः निर्मित धर्मकीर्ति विहारको १८ औं जन्मोत्सब

२०७७ मंसिर २९ गते, सोमवार
स्थान- धर्मकीर्ति विहार

धर्मकीर्ति विहार भवन पुनः निर्माण गरिएको १८ वर्ष पूरा भएको शुभ उपलक्ष्यमा धर्मकीर्ति संरक्षण कोषका उपाध्यक्ष (पुनः निर्मित धर्मकीर्ति विहार भवनका दाता) द्रब्यमान सिं तुलाधर एवं उहाँकी धर्मपत्नी बसुन्धरा तुलाधर प्रमुख सपरिवारको तर्फबाट विहारका आवासिय गुरूमांहरूलाई भोजन जलपान दान गर्नुभई पुण्य सञ्चय गर्नुभएको छ ।

उक्त दिन दाता परिवारको तर्फबाट गुरूमांहरूलाई सश्रद्धा दान प्रदान गरी यस कार्यक्रमलाई निरन्तरता दिई पुण्य आर्जन गर्नुभएको छ । ❀

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीयात गुहाली

दिवंगत मां नारायण देवी मानन्धरया लुमन्ति म्ह्याय् रोशनी मानन्धर, काय् राज बहादुर मानन्धर, काय् भौ कृष्ण चन्द्र / लक्ष्मी मानन्धर, काय्/भौ श्याम कृष्ण / प्रमिला मानन्धरपिसं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीयात झिद्वःतका (रु. १०,०००/–) दां गुहाली याना दीगु जुल । वय्कः परिवारपिन्त गोष्ठीं आपालं साधुवाद देछाःगु जुल ।

धर्मकीर्ति बौद्ध मासिक

नाफा - नोक्सान हिसाब

बि.सं. २०७६ देखि चैत्र मसान्त सम्म

क्र. सं.	खर्च	रकम	क्र. सं.	आम्दानी	रकम
१	कागज खर्च	११०,३५७.००	१	ग्राहक शुल्क	१००,४००.००
२	छपाई खर्च	१३०,२०५.००	२	विज्ञापन आम्दानी	३४.११०.००
३	मशलन्द खर्च	९२०.००	३	ब्याज प्राप्त	१६५,७८३.१७
४	हुलाक खर्च	९,१८४.००	४	द्यान वा चन्दा	२५०,०००.००
५.	ढुवानी खर्च	२,४००.००			
६	कार्यालय खर्च	४,९५०.००			
७	फुटकर खरिद	१,४९०.००			
८	विशेष सदस्य फ्रेम	६५०.००			
९	जगेडा रकम पूंजीमा सारिएको	२९०,१३७.१७			
	जम्मा	**५५०,२९३.१७**		**जम्मा**	**५५०,२९३.१७**

धर्मकीर्ति बौद्ध मासिक

वासलात

बि.सं. २०७६ चैत्र मसान्त सम्म

क्र. सं.	पूंजी तथा दायित्व	रकम	क्र. सं.	सम्पत्ति	रकम
१	पूँजी	१,३८४,६२१.२९	१	नेपाल बैब लि., कान्तिपथ	४९,०१०.९५
२	विशेष सदस्य	३०,०२०.००	२	नेपाल बैक लि., क्षेत्रपाटी	१४,५७६.२५
३	चिनीकाजी महर्जनलाई फिर्ता गर्नु पर्ने	१४,५९४.००	३	शुभगणपति सहकारी	१९२,६४४.४७
४	जगेडा रकम	२९०,१३७.१७	४	एक्सप्रेस सेभिग एण्ड को-अपरेटि	५०,०४९.२७
			५	मुद्दती खाता	१,०००,०००.००
			६	सि.एम.वि. फाइनान्स	७९,४११.५२
			७	कागज मौज्दात	३२,१८०.००
			८	धरौटी (पो.ब.नं.)	१,५००.००
			९	धम्मवती गुरूमां कोष	३००,०००.००
	जम्मा	**१,७१९,३७२.४६**		**जम्मा**	**१,७१९,३७२.४६**

रू. ३,००,००० धम्मवती गुरूमांको जन्म दिनको उपलक्ष्यमा गुरू पुर्णिमा अङ्क रङ्गिन छाप्न एक्सप्रेस सेभिंग एण्ड को-अपरेटिभको कोषबाट फिर्ता गरी अलग्ग कोष नबनाएको ।

धर्मकीर्ति स्वास्थ्य कमिटी

धर्मकीर्ति विहार, श्रीघः नघल, काठमाडौं

आय ब्यय विवरण

आ.व. २०७६/२०७७

आम्दानि तथा दायित्व			खर्च तथा सम्पत्ति		
क्र. सं.	विवरण	रकम	क्र. सं.	विवरण	रकम
१	गत बर्ष सम्मको बैंक मौज्दात		१	श्रद्धेय चमेली गुरूमांलाई स्वास्थ्य उपचार्थ सहयोग	३०,०००।००
	क) एन.सी.सी. बैंक बचत खाता	४९,०७७१।०२	२	यस बर्षको बैंक मौज्दात	
	ख) एक्सप्रेस सहकारी बचत खाता	२३,९२३१।७५		क) एन.सी.सी. बैंक बचत खाता	४,९३,७२६।०५
	ग) एक्सप्रेस सहकारी मुद्दति खाता	९,००,०००।००		ख) एक्सप्रेस सहकारी मुद्दति खाता	३,२०,६२७१९
	घ) नेपाल बै)क लिमिटेड	१६,४०४।५१		ग) एक्सप्रेस सहकारी मुद्दति खाता	९,००,०००।००
२	व्याज प्राप्त			घ) नेपाल बैंक लिमिटेड	१६,४०४।५१
	क) एन.सी.सी.बैक बचत खाता	२,९५५।०३			
	ख) एक्सप्रेस सहकारी बचत खाता	१७,३४५।४४			
	ग) एक्सप्रेस सहकारी मुद्दति खाता	९४,०५०।००			
	जम्मा	१७,६०,७५७।७५		जम्मा	१,७६,०७५।७५

रोशन काजि तुलाधर
संयोजक
धर्मकीर्ति स्वास्थ्य कमिटी

लोभयात वसय् तये फयेके ... ...

कचां लः बिल, पश्चिमपाखेया कचां मिसात बिल। उत्तरपाखेया कचां रत्न बिल। थुकिं सकता. कथंया इच्छा पूवन। गुगु सिमा किचलय् फ्यतुल। ग्वतुल। उकिया कचा त्वथुले मजिउ। मित्रद्रोह यायेगु पाप खः।

तर नायः या खँ सुनानं मन्यं। उपिं सकलें जाना हाकनं हानापं पालेत तयार जुल। हा ध्यनेत उपिं न्हयःने वन। थ्व अन च्वंम्ह नागराजां खन। वं बिचाः यात 'प्याः चाः पिं उमित लः त्वंकेबिया। दिब्यभोजन शयनासन बिया। परिवार मिसापिं व न्यासः गाडा रत्न बिया। आः हाकनं उमिसं सिमाया हा नापं ध्यनेगु बिचाः यात। नायः छम्ह त्वःताः सकसितं स्यायेमाः। उकिं आः थ्वहां धनुषधारी ढाल तरवार दुपिं सेनात पिहां वयेमाः।

ब्यापारीत सकलें जानाः सिमाया हाः ध्यनं। धाथें अन. नीन्याम्ह शस्त्रधारी नागत पिहां वल। खुद्रः ढाल तरवार दुपिं सेनात पिहां वल। 'थुमित कयेकी, चिउ, सुयात नं म्वाःम्वाकं त्वताः छवयेमते। नायः छम्ह बाहेक मेपिं सकसितं भष्म याः।' नागराजं सकसितं उजं बिल। नागराजाया उजं कथं नागतसें अथे हे यात। सकलें

(क्रमशः २४ पेजमा)

धर्मकीर्ति पब्लिक इमेज कमिटी

धर्मकीर्ति विहार, श्रीघः नघल, काठमाडौं

आय ब्यय विवरण

आ.व. २०७६/२०७७

आम्दानि तथा दायित्व			खर्च तथा सम्पत्ति		
क्र. सं.	विवरण	रकम	क्र. सं.	विवरण	रकम
१	गत बर्ष सम्मको बैंक मौज्दात	२,११४।००	१	गत बर्ष सम्म पञ्ञावती गुरूमांलाई तिर्नुपर्ने	४०,०००।००
२	यस वर्ष प्राप्त व्याज (शुभ गणपति सहकारीबाट)	११८।००	२	बैंक मौज्दात, गणपति सहकारीको बचत खातामा	२,२३२।००
३					
	जम्मा	**४२,२३२।००**		**जम्मा**	**४२,२३२।००**

पञ्ञावती गुरुमां
संयोजक
धर्मकीर्ति स्वास्थ्य कमिटी

धर्मकीर्ति बौद्ध परियत्ति केन्द्र

धर्मकीर्ति विहार, श्रीघः नघल, काठमाडौं

आय ब्यय विवरण

आम्दानि तथा दायित्व			खर्च तथा सम्पत्ति		
क्र. सं.	विवरण	रकम	क्र. सं.	विवरण	रकम
१.	गत वर्ष विभिन्न दाताहरूबाट संकलित रकम	७३०८५६.००	१	परियत्तिका विद्यार्थीहरूलाई शैक्षिक भ्रमण लगेको	६०००.००
२.	यस वर्ष प्राप्त व्याज (शुभ गणपति सहकारीबाट	८६२४५.००	२	बैंक मौज्दात	
३.	यस वर्ष विभिन्न दाताहरूबाट प्राप्त चन्दा	१७५००.००	३	(क) गणपति सहकारीको वचत खातामा	१४३६०१.००
४.	नेपाल बौद्ध परियत्ति केन्द्रबाट प्राप्त आर्थिक सहयोग	५००००.००	४	(ख) शुभ गणपति सहकारीको मुद्दति खातामा	७३५०००.००
	जम्मा	**८८४६०१.००**		**जम्मा**	**८८४६०१.००**

(**केशावती गुरुमां**)
सचिव
धर्मकीर्ति बौद्ध परियत्ति केन्द्र

(**वण्णवती गुरुमां**)
कोषाध्यक्ष
धर्मकीर्ति बौद्ध परियत्ति केन्द्र

धर्मकीर्ति विहार विस्तारित भवन शिलान्यास समारोह

बिस्तारित भवनको स्वरुप

२०७७ मंसिर २० गते, शनिवार

धर्मकीर्ति विहारको उत्तर तर्फ रहेको पुरानो भवन (दाता मणिहर्ष ज्योती, केशरी लक्ष्मी कंसाकारबाट निर्मित) हाल धर्मकीर्ति विहार विस्तारित भवनको रूपमा पुनः निर्माण हुन गइरहेको छ।

उक्त भवन निर्माणार्थ यहि मंसिर २० गते शनिबार काठमाडौं महानगरपालिकाका मेयर श्री विद्या सुन्दर शाक्यज्यूको प्रमुख अतिथि**त्त्व** एवं भिक्षुणी धम्मवती गुरुमांको अध्यक्षतामा शिलान्यास समारोह कार्यक्रम सम्पन्न गरिएको छ।



शिलान्यास गर्नुहुँदै र मन्तव्य व्यक्त गर्नुहुँदै का.म.न.पा.का मेयर श्री बिद्यासुन्दर शाक्य

ओवाद दिनुहुने क्रममा भिक्षुणी धम्मवती गुरुमां

धर्मकीर्ति संरक्षण कोषका संचिव तथा धर्मकीर्ति विहार विस्तारित भवन निर्माण उपभोक्ता समितीका अध्यक्ष प्रफुल्ल कमल ताम्राकारले संचालन गर्नुभएको उक्त, कार्यक्रममा कोषका अध्यक्ष भिक्षुणी धम्मवती गुरूमांले पञ्चशील प्रार्थना गराउनु भएको थियो। कोषका सदस्य अगम्य रत्न कंसारकारको स्वागत मन्तव्य पश्चात् प्रमुख अतिथी मेयर विद्या सुन्दर शाक्यले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै काठमाडौंका विभिन्न सम्पदा गुठी, देव देबी मन्दिर आदि संरक्षण सम्वर्द्धन र पुनः निर्माण कार्यमा काठमाडौं महानगरपालिकाले सहयोग प्रदान गर्दै आइरहेको सिलसिलामा धर्मकीर्ति विहारलाई पनि यसरी नै सहयोग गरिएको विषयमा चर्चा गर्नु भएको थियो ।

स्मरणिय छ, यस भवन निर्माणर्थ काठमाडौं महा नगरपालिका सम्पदा तथा पर्यटन विभागको तर्फबाट ८५% रकम आर्थिक सहयोग प्रदान गरिने भएको छ ।

काठमाडौं महानगरपालिका सम्पदा तथा पर्यटन प्रमुख श्रीमती अर्चना शाक्य, २५ वडा अध्यक्ष नीलकाजी शाक्य, १७ वडा अध्यक्ष नविन मानन्धर, काठमाडौं महानगर पालिका कार्यपालिका सदस्य एवं २५ वडाका वडा सदस्य रमीता कमल स्थापित, २५ वडाका सदस्य डार्विन श्रेष्ठ एवं इन्जिनियर तथा सुपरभाइजर दीपक मानन्धर आदि महानुभावहरूको पनि उपस्थिति रहेको उक्त कार्यक्रममा भिक्षुणी धम्मवतीले ओवाद दिनुहुने क्रममा नगर प्रमुख सहित महानगर पालिकाका सबै सदस्यहरूलाई आशिर्वाद एवं साधुवाद व्यक्त गर्नुभयो । सो पश्चात् भिक्षुणी धम्मवती गुरूमां प्रमुख धर्मकीर्ति बिहारका अन्य आवासिय गुरूमांहरूबाट शिलान्यासकार्यमा मंगल कामना गरी परित्राण पाठ गर्नुभएको थियो । परित्राण पाठ पश्चात् धम्मवती गुरूमांबाट अतिथिहरूलाई धर्मउपहार प्रदान गर्नुभएको थियो । अन्त्यमा अमृत ताम्राकारबाट धन्यबाट ज्ञापन गर्नुभई कार्यक्रम समापन गरिएको थियो ।

मन्तव्य कार्यक्रम पश्चात् काठमाडौं महानगर पालिकाका मेयर श्री बिद्या सुन्दर शाक्यले धर्मकीर्ति विहारको पुनः निर्माणको लागि विस्तारित भवनको शिलान्यास गर्नु भएको थियो । ❀

लोभयात वसय् तये फयेके ... ...

व्यापारीतय्त स्याना बिल । नायः छम्ह जक ल्यन । अनंलि लायेगु लासा धन रत्न दक्वं न्यासः गाडाय् तयेके बिल । नायः नापं नागराज स्वयमं दक्व गाडा न्हयाकल । वाराणसीं नायः या छैं तक तयाबिल । अनं विदावारी कयाः नागराज थःगु नागभवनय् लिहां वन ।

हरेक प्राणीया इच्छा दइ । नये पित्यासा प्वाः जायेक नयेगु इच्छा । प्वाः जालकि बांलाःगु वसः पुनेगु इच्छा । अनंलि चाःहिउ वनेगु इच्छा । चाः'हिउ वनेबबलय् न्यासि वने थाकु । उकिं हवाइजहाज गया जुइगु । बांलाःगु छेंय् च्वनेगु । भौतिक सामानं सम्पन्न जुइगु । थुकथंया इच्छां गबलें त्वःती मखु । छगू धुंकाः मेगु इच्छा दना वइ । छता धुंकाः मेता स्वाना वइ । जातकय् नं थुकथं हे लकस ब्वलंगु खः । न्हापा छफुति लः दुसा जीवन म्वाये फइ थें तायेकूपिं । लः ला दत । थन सीत्यंपिं ब्यापारीतय् ज्यान बचे जुल । वृक्ष देवताया प्रभावं जीवन दान प्राप्त जुल । तर उपिं सन्तुष्ट मजू । इमिसं सुन्दरीतलिसें न्हयइपुकल । थःत माःगु स्वयां आपालं भौतिक सामान मुन । अझ नं बृक्षदेवताया हा तक नं ध्यनेत स्वत ।

थुगु घटनां सीदु । अति याः सां अन्त्याचार याये

(क्रमशः २५ पेजमा)

मैत्री सूत्र पाठ

मैत्री सूत्र पाठ गर्ने क्रममा भिक्षुणी गुरुमांहरू

२०७७ मंसिर २८ गते, आइतबार ।
स्थान- निर्वाण मूर्ति, किम्डोल विहार, स्वयम्भू ।

बाला चतुर्दशीका दिन हरेक वर्ष निर्वाण मूर्ति किम्डोल विहारमा दिवंगत हुनुभएका व्यक्तिहरूका लागि मैत्री युक्त पुण्य प्रदान गरी उद्धार गर्ने उद्देश्यका साथ मैत्री सूत्र पाठ गर्दै आइरहेको छ । यही कार्यक्रमलाई निरन्तरता दिई यसपाली पनि प्रव्रजित गुरूमांहरूबाट मैत्री सूत्र पाठ गरी पुण्यानुमोदन गरिएको छ ।

कार्यक्रममा मैत्री सूत्रको महत्त्व एवं बाला चतुर्दशीका दिन दिवंगत व्यक्तिहरूलाई पुण्य दान दिनुको उद्देश्य विषयमा धम्मविजया गुरूमां र वीर्यवती गुरूमांले धर्मदेशना गर्नुभएको थिए ।

कार्यक्रम पश्चात् पुण्यानुमोदन एवं दान प्रदान कार्यक्रम सम्पन्न गरी जलपान भोजन दान गरिएको थियो । ❀

लोभयात वसय् तये फयेके ... ...

मजिउ । जब अत्याचारी जुइ । थ:या अस्तित्व नं तनी । थौं संसारय् अतिवादीत आपालं दु । न्हयाक्व द: सां मगा: । न्हयागुं थ:त मा: । थ:गु इच्छा पूवंकेत, थ: सम्पन्न धायेकेत कत: या हत्या याइ । हत्या नं छक्व: जक मखु त:क्वमछिं याइ । तर थ्व ता: ईं तक न्हयाके फइमखु । गथे वृक्ष देवतां थ:गु छचालंया कचा त्याग यात । कचा कथं थीथी सामान बिल । तर जब हा हे चायेत स्वल, अनं नागराज पिहांवल । अथेहे अत्याचारी जुल कि वया अन्त्य स्वाभाविक ख: ।

जातकय् भिं या:सा भिं जुइ धइगु खँयात नं ध्वाथुइका त:गु दु । मखुगु ज्याखँ यायेत पंम्ह व्यापारीयात नागराजं साथ बिल । सह यायेगु नं छगू निश्चित सिमा दु थुगु खँ जातकं क्यं । थन वंगलसिमायाके यक्व: सहनशीलता दु । वया छचालंया ह: चाल । तर नं अनं व्यापारीतय्त मा: कथं ज्वलं बिल । तर जब वया अस्तित्व हे संकटय् लात । अनं सह यायेगु लागा मन्त । थुकिं सीका कायेफु, सह जक याना: सुम्क च्वनेगु नं व्यर्थ जुइफु । यक्व सह यायेगु थ:गु लागिं जक घाटक जुइगु मखु, असत्य ज्याखँ याइपिंत साथ बीथें नं जूवनी ।

मनू विवेकशील प्राणी । उकिं हरेक पल ब्वलनीगु इच्छा शक्तियात ध्वाथुइकेमा: । थुंकिया लिच्व:या नं बिचा: यायेमा: । थ:गु आज्जु पुवंकेत याइगु इच्छा बांलागु इच्छा जूवनेफु । सुयागुं घाट यायेगु इच्छा मखु । लोभयात वसय् तया: स्मृतिवान जुया: न्हयाकूगु पलाखं सदां खुसी जुइ । मन सन्तुष्ट जुइ । उकिं थुगु महावाण जातकय् नं धयात:गु दु, 'थ:गु हितयात ध्यानय् तया पण्डितपिं लोभया वसय् वने मजिउ । बरू मनय् दुने खने दइगु थीथी प्रकारया लोभादीयात स्याना छ्वये फयेकेमा: । ■

"शान्ति सुद्धम्मावास"

जेष्ठ नागरिक आवास गृह शिलान्यास

मन्तव्य व्यक्त गर्नुहुँदै भिक्षुणी अनोजा गुरुमां

२०७७ मंसिर २३ गते मंगलबार,
स्थान- सुलक्षणकीर्ति विहार, चोभार, कीर्तिपूर ।

सुलक्षणकीर्ति विहार चोभार कीर्तिपूरबाट संचालन हुन लागेको परियोजना "शान्ति सुद्धम्मावास" जेष्ठ नागरिक आवास गृहको शिलान्यास कार्यक्रम सम्पन्न भएको समाचार छ। प्राप्त समाचार अनुसार प्रमुख अतिथि सम्माननिय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू द्वारा शिलान्यास गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथीज्यूले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै सत्यतामा अडिग रहन भगवान बुद्धले सिकाउनु भएको शिक्षा पालन गर्दै समृद्ध र सुखी नेपालको नारालाई साकार बनाउन सकौ भन्ने कामना गर्नुभएको थियो ।

उक्त आवास गृह निर्माणार्थ उहाँले रू ५ लाख चन्दा सहयोग पनि प्रदान गर्नुभएको समाचार छ। कार्यक्रममा भिक्षुणी डा. अनोजा गुरूमांले जेष्ठ नागरिक आवास गृह बनाउने उहाँको इच्छा विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सुलक्षणकीर्ति विहारका कोषाध्यक्ष गुणीन्द्र वज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएपछि अखिल नेपाल भिक्षु महासंघका आठौं संघनायक भिक्षु बोधिसेन महास्थविरले नेपालमा शान्ति कामना गर्नुहुँदै दिवंगत व्यक्तिहरूले पुण्य प्राप्त गर्न सकोस् भन्ने कामना गर्नुहुँदै पुण्यानुमोदन गर्नुभएको थियो । ❀

"प्रकृतिको स्वभाव धर्म (अनित्य, दुख र अनात्म)लाई बुझी आफ्नो आचरणलाई सुधार्नु पर्छ, दुराचरण गर्नु हुँदैन । धर्माचरण गर्ने व्यक्तिले यसलोक र परलोक दुबैमा सुखपूर्वक जीवन बिताउनेछ ।" - धम्मपद

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com